
# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ३ अङ्क १५ पूर्णाङ्क ११३ | २०७५ असोज ८ गते सोमबार | Monday, Sept. 24, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त



चितवन । नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य चन्द्रहरि सुवेदीलाई मातृशोक परेको छ । नेता सुवेदीकी आमा विद्यादेवी सुवेदीको ८२ वर्षको उमेरमा शुक्रबार साँझ निधन हुन पुगेको छ । उहाँको चितवनको जिल्ला अस्पतालमा उपचारको क्रममा साँझ ६ : ४३ मिनटमा निधन हुन पुगेको पारिवारिक स्रोतले जनाएको छ ।

चिवन भरतपुर निवासी विद्यादेवी सुवेदीका तीन छोरा तीन बुहारी, दुई छोरी दुई ज्वाइँ, ७ नाती, ३ ...बाँकी ४ पेजमा

# किन उठिरहेको छ संविधान खारेजीको माग ?










● वर्गदृष्टि संवाददाता

काठमाडौं । ३ असोज २०७५ मा मुलुकमा संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भएको तीन वर्ष पूरा भएको छ। सत्तारुढ पार्टी लगायतले संविधान जारी भएको दिनलाई संविधान दिवसको रूपमा मनाउँदै गर्दा विभिन्न राजनीतिक पार्टीहरू, जातीय संघ संगठन तथा मधेशवादी पार्टीहरूले असोज ३ लाई कालो दिनको रूपमा विरोध गर्दै संविधान खारेजीको माग गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, क्रान्तिकारी माओवादी सम्बद्ध विभिन्न जातीय मोर्चा तथा जनवर्गीय संगठन, नेकपा (विप्लव) लगायतका पार्टीहरूले संविधान जारी भएको दिनलाई कालो दिनको रूपमा विरोध गर्दै संविधान खारेजीको माग गरेका हुन् । यो संविधानलाई प्रतिगामी तथा जनविरोधी संविधानको रूपमा विश्लेषण गर्दै संविधान जारी भएको बेला उल्लेखित पार्टी तथा संघ संस्थाहरूले जलाएका थिए ।

**किन उठिरहेको छ खारेजीको माग ?**

क्रान्तिकारी माओवादी निकट अखिल नेपाल जनजाति हासंघले दशवर्षे महान जनयुद्ध, ऐतिहासिक जनआन्दोलन ०६२/६३, आदिवासी जनजाति आन्दोलन, मधेसी विद्रोह, थारु आन्दोलन लगायत विभिन्न वर्ग, समुदायका आन्दोलनका उपलब्धिहरूलाई बेवास्ता गर्दै यथास्थितिवादी, प्रतिगामी तथा देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूको षड्यन्त्रमा जारी गरिएको संविधानले आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकार, जातीय, क्षेत्रीय स्वशासन र पहिचानको आधारमा संघीय संरचना, पूर्ण समानुपातिक प्रतिनिधित्व, भाषिक समानता, धर्म निरपेक्षता, प्राकृतिक स्रोत साधनमा पहुँच र अग्राधिकार, ...बाँकी ८ पेजमा

## अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेला सम्पन्न



काभ्रे । अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेला सम्पन्न भएको छ । काभ्रेको बनेपा स्थित आदिवासी जनजाति महासंघको हलमा सम्पन्न भेलाले फुर्नाम्गेल मोक्तानलाई अध्यक्षमा निर्वाचित गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'को प्रमुख आतिथ्यतामा सम्पन्न ...बाँकी ७ पेजमा

## संविधान खारेजीको माग गर्दै देजमो कास्कीले गऱ्यो विरोध प्रदर्शन



● सागर सुवेदी

कास्की । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्की जिल्ला कार्यसमितिले अहिले लागू गरिएको संविधान प्रतिगामी र जनविरोधी रहेको भन्दै खारेजीको माग गरेको छ । मोर्चाले खारेजीको माग गर्दै विशाल जनप्रदर्शन समेत गरेको छ । कालो झण्डा र ...बाँकी ७ पेजमा

## नेकपा (विप्लव)बाट विद्रोह गरी क्रान्तिकारी माओवादीमा प्रवेश



काभ्रे । नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा परित्याग गरी रापेछाप जिल्लाका नेताहरू क्रान्तिकारी माओवादीमा ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादी कञ्चनपुरको सेक्रेटरीमा विक्रान्त

कञ्चनपुर । 'दलाल संसदीय व्यवस्थाको भण्डाफोर गरौं, नयाँ जनवादी क्रान्तिको बाटोमा अगाडि बढौं' भन्ने मूल नाराका साथ सम्पन्न भएको नेकपा (क्रान्तिकारी माओवादी) कञ्चनपुरको ...बाँकी ४ पेजमा

## 'जातीय पहिचानका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य'



बनेपा । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले उत्पीडित जाति तथा क्षेत्रहरूको पहिचानका लागि मुलुकमा नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको विचार व्यक्त गरेका छन् । अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाको उद्घाटन गर्ने क्रममा महासचिव किरणले यस्तो विचार प्रस्तुत गरेका हुन् । काभ्रेको बनेपा स्थित आदिवासी जनजातिको सभाहलमा भएको उक्त भेलालाई सम्बोधन गर्दै महासचिव किरणले 'नेपालमा माओवादीहरूले स्थापना गर्न चाहेको वास्तविक कुरा वर्गीय मुक्ति अन्तर्गत जातीय स्वशासन र आत्मनिर्णयको अधिकार हो' भने, "नेपालको सन्दर्भमा नयाँ ...बाँकी ४ पेजमा

## क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशले बुझायो ज्ञापन पत्र



मकवानपुर । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपाल ३ नं प्रदेशले आज दिउसो प्रदेशका मुख्य मन्त्री डोरमणी पौडेललाई ज्ञापन पत्र बुझाएको छ । लिगका ३ नं. प्रदेशका संयोजक केशव ढलकोटीको नेतृत्वमा गएको मार्चपाससहितको युवाहरूको टोलीले मुख्यमन्त्री पौडेललाई ज्ञापन पत्र बुझाएको हो । क्रान्तिकारी युवाहरूले तीन महिनाभित्र आफ्ना माग पूरा गर्न मुख्यमन्त्रीलाई अल्टिमेटम दिएका ...बाँकी ४ पेजमा

## मुलुकी संहिताका विरुद्ध क्रान्तिकारीहरूको विरोध प्रदर्शन




काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ, अखिल नेपाल जनसाँस्कृतिक महासंघ, नेपाल राष्ट्रिय प्राध्यापक संगठन र राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालको संयुक्त आयोजनामा काठमाडौंको माइतीघर मण्डलामा आज प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी मुलुकी संहिताका ...बाँकी ४ पेजमा

## प्रलेसको वार्षिकोत्सवमा अक्टुबर क्रान्तिको चर्चा

काठमाडौं । प्रगतिशील लेखक संघ नेपालको ६६ औं वार्षिकोत्सवको अवसरमा अक्टोबर क्रान्तिको बारेमा चर्चा गरिएको छ। काठमाडौंको जमलस्थित सांस्कृतिक भवनको सभाहलमा 'प्रलेस प्रतिभा पुरस्कार २०७५ वितरण तथा नेपाली कला साहित्यमा अक्टोबर क्रान्तिको प्रभाव' विषयक एक अन्तरक्रिया कार्यक्रमसहित ६६ औं वार्षिकोत्सव मनाएको प्रलेसले लेखक तथा सर्जक सीता वि. क.लाई यस वर्षको प्रतिभा पुरस्कार प्रदान समेत गरेको छ । कार्यक्रममा वरिष्ठ सौन्दर्य चिन्तक मोहन वैद्य 'चैतन्य' र वरिष्ठ साहित्यकार बेदुराम भुसालले एक एकवटा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्र प्रस्तुत गर्दै मोहन वैद्य 'चैतन्य'ले अक्टोबर क्रान्तिलाई एक युगान्तकारी ...बाँकी ७ पेजमा

## संयुक्त महिला संघर्ष समितिले गऱ्यो विरोध प्रदर्शन



काठमाडौं । निर्मला पन्तको बलात्कारी तथा हत्यारा लगायतका अन्य महिला हिंसाको विरुद्धमा शुक्रबार संयुक्त महिला संघर्ष समितिले एक विरोध ऱ्यालीसहित प्रदर्शन गऱ्यो । माइतीघरबाट सुरु ...बाँकी ४ पेजमा

# उत्पीडित जातिहरूको पहिचान र स्वशासनको प्रश्न

**तामाङ, राई, लिम्बु, मगर, थारू आदि उत्पीडित जातिहरूले संघर्षको अग्रमोर्चामा भाग लिए । उनीहरूले उत्पीडित जातिहरूको मुक्ति र स्वशासनको कुराहरू अगाडि बढाए । कम्युनिष्ट पार्टीहरूले गरेका युद्ध र आन्दोलनमा उत्पीडित जातिको मुक्तिका लागि सहभागी भए**



● रामसिंह श्रीस ●

नेपालको सन्दर्भमा वर्गीय उत्पीडनले जातीय तथा क्षेत्रीय उत्पीडनहरूलाई समावेश गरेर अघि बढ्नु देखिन्छ । किनकि नेपालको सन्दर्भमा जातीय उत्पीडन भनेको वर्गीय उत्पीडन जोडिएको छ । र वर्गीय उत्पीडन जातीय उत्पीडनसँग जोडिएको छ । वर्गीय उत्पीडन भनेको मान्छेले मान्छेमाथि गर्ने सबैखाले उत्पीडनहरूको समुच्चय हो । यसको हल वर्गसंघर्षबाट मात्र सम्भव छ । नेपालमा हाल बहस चलिरहेका जातीय उत्पीडन र वर्गीय उत्पीडनको अन्त्यका लागि कम्युनिष्टहरू लागिपरेका छन् ।

पञ्चायतकालमा यी उत्पीडनहरूका विरुद्ध कम्युनिष्ट पार्टीहरू लागिपरिराखे भने बहुदल आएपछि पनि जातीय मुक्ति मोर्चाहरूको निर्माण गर्दै कम्युनिष्टहरूले जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसँग तथा सहकर्मीहरूलाई भऱ्याङका रूपमा उपयोग गर्ने गरिरहेका छन् ।

म यसबारे केही कुरा राख्न चाहन्छु- हामीहरू यो अवस्थामा आइपुग्दासम्म धेरै जातीय संगठनहरू निर्माण गऱ्यौं, संघर्ष चलायौं र मुक्तिका कुराहरू गऱ्यौं । जनतामा जागरुकता जातिहरूको पहिचान र स्वशासन दिएन । त्यसैका विरुद्ध आज हामीहरूले आवाज उठाइराखेका छौं । यसले आधारभूत रूपमा उत्पीडनमा परेका जातिहरूको पक्षमा कुनै काम पनि गर्न सकिराखेको छैन । त्यसैले उत्पीडित जातिहरू फेरि पनि संघर्षको उत्रनुपर्ने अवस्था सृजना भएको छ ।

थारुहरूले थारुवानको माग गरे, तर तत्कालीन सरकारले थारुहरूको स्वायत्त शासन दिनुको सट्टा ठूलो दमन गऱ्यो । संविधान निर्माणपछि पनि यसलाई कुनै मान्यता दिइएन । मगरहरूको बाहुल्य क्षेत्र मगरातमा मगरात स्वायत्त क्षेत्रको माग गरियो, तर मगरहरूको वस्ती भएको भूगोललाई तीन चार वटा प्रदेशमा विभाजन गरेर टुक्रा-टुक्रा पारी आन्दोलन, पहिचान र अधिकारविहीन बनाइयो । यी सबै कुरा वर्तमान सत्ताधारी शासकहरूले नै गरेका थिए ।

आन्दोलनमा उत्पीडित जातिहरूको नेताका रूपमा स्थापित भएकाहरू सत्तामा पुगे । उनीहरू सत्तामा सामेल भए । शेरबहादुर देउवाको पालामा थारुहरूको आन्दोलन निकै उठेको ...बाँकी ७ पेजमा

## सम्पादकीय

### भारतीय मिचाहा प्रवृत्ति र नेपाली कठपुतली सरकार

नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल लगायतका केही क्रान्तिकारी पार्टीहरू तथा देशका केही प्रबुद्ध सीमा विज्ञहरूको विरोध र प्रदर्शनपछि ओली सरकारले नेपालको नापी विभागले तयार पारेको नक्सा प्रयोग गर्नू भनी आफूमातहतका सरकारी कार्यालयहरूमा पत्राचार गरेको पाइएको छ। त्यसो त काम कर्तव्यका हिसाबले सरकार आफै नै राष्ट्र र राष्ट्रिय स्वाभिमान तथा देशका जनताको संरक्षक र अविभावक पनि हो। तर नेपालमा त्यसो हुन भने सकेन।

सरकार स्वयम् राष्ट्र र जनताको विरुद्धमा विदेशीको दलाल र चम्चागिरीमा लागेपछि नेपालको राष्ट्रिय स्वाभिमानमाथि यस्तो खाले अतिक्रमण र हेय प्रकट गरिएको हो। यो पनि लामो समयदेखि निरन्तर अतिक्रमण र हस्तक्षेप गर्दै आएको छिमेकी देश भारतबाट। नेपालीहरू भारतलाई यसैकारण विस्तारवादी भनेर विरोध गर्ने गरिरहेका छन्। छिमेकी देश भारतको नेपालमाथि हेर्ने दृष्टिकोण गलत रहँदै आएको छ। यसलाई नेपालीहरूले 'गिद्दे दृष्टि' भन्ने गरेका छन्।

भारतीय शासकहरूको मिचाहा प्रवृत्ति नेपालको समग्र क्षेत्रमा पर्ने गरेको छ। देशको समग्र नीति निर्माण, सुरक्षा, कुटनीति, वैदेशिक व्यापारदेखि सीमा, सीमारेखाहुँदै दैनिक जीवनसँग जोडिएका गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी तथा प्राकृतिक संशाधनको उपयोगमा समेत निकै प्रभावी र नकारात्मक हुने गरेको छ। यसले नेपालको राष्ट्रिय स्वाभिमानमाथि प्रत्यक्ष हस्तक्षेप गरेको छ।

नेपालको भारत र भारतीय सामानहरूमा अत्यधिक परनिर्भरताका कारण जनताका दैनिक जीवन पनि भारतीय चाहना र हस्तक्षेपका सामान्य कुराहरूमा निर्भर हुने गरेको छ। पेट्रोल, डिजल, मट्टी तेल, खाद्यान्न तथा औषधिका साथै चिनी, टाँक र सिंयो जस्ता सामान्य कुराहरूले पनि नेपाललाई बन्धक बनाएर राखेको छ।

आफैमा भूपरिवेष्ठित देश नेपालले अहिलेसम्म अन्तर्राष्ट्रिय कानुनअनुसार आफ्नो हकभोगको अधिकार प्रयोग गर्न पाएको छैन। असमान सन्धिसंझौताहरू नेपालमाथि निकै नै जोर जबर्जस्त लादिएका छन्। सीमास्तम्भहरू दिनदाहाडै भारतीय सीमा सुरक्षा बलबाट उखेलिने र फ्याँकिने गरिएका छन्। सीमा नाकाहरूमा नेपालीहरू पिटिने र लुटिने गरिएका छन्। भारतको मोस्ट वान्टेड भनेर नेपालका सम्बन्धित पक्षलाई थाहै नदिई गोली हानेर हत्या गर्ने गरिएका छन्।

हत्या गरिएकाहरूको किन गरियो भनेर नेपाल सरकारले कुनै माग वा आपत्ति पनि जनाउने गरेको छैन। यिनको गल्ती के थियो त्यो पनि थाह छैन। सुपुर्दगीको कुरा पनि छैन। नेपालका सुरक्षाकर्मीहरू 'ट्वाँ' पररेर हेरिरहन्छन्। तिनीहरू बोल्न र आफ्नो हैसियत प्रयोग गर्नसक्ने अवस्थामा पनि छैनन्।

नेपालमा जहिले पनि भारतीय कठपुतली शासन निर्माण हुने गरेको छ। अहिलेको वाम नाम गरेको केपी ओलीको सरकार पनि भारतीय कठपुतली नै हो। यसले सन् १९५० देखि हालसम्मका भारतले नेपालविरुद्ध कर, बल र छलले गरेका सबै असमान सन्धि सम्झौताहरू विना पुनरावलोकन कार्यान्वयन गरिने भनी आत्मसमर्पण गरेर नेपालीहरूमाथि रजाइँ गरिरहेको छ। यसको राष्ट्रिय आत्मसमर्पणकारी तथा दलाल चरित्रका कारण देशले ठूलो दुर्गति भोग्नु परिरहेको छ।

नेपालीहरूको आफ्नै कुटनीतिक पहल पनि दिल्लीलाई सुम्पेको छ। सीमा रक्षाको कुरै उठाउँदैन। देशको प्राकृतिक स्रोतसाधन भारतको हातमा सुम्पेको छ। नेपालको जंगल फाडानी गरेर भारतलाई बेचिरहेको छ। लाखौं युवाहरू बेरोजगार छन्। करोडौं युवाहरू विदेशमा बेचेर रेमिटेन्स लिएर बाँच्ने गरेको छ यो सरकार। सरकारले लिने गरेको चर्को रेमिटेन्सका कारण विदेशमा नेपाली कामदारहरूलाई निकै न्युन ज्याला वा तलब दिइने गरिएको छ।

शिक्षा पूरै आयातित छ। व्यापारिक पुँजीवादले कस्ता कामदारहरू उत्पादन गर्ने हो तदनुकूल शिक्षा प्रणाली अपनाएर त्यसलाई कथित सामुदायिक शिक्षाका आवरणमा लादिएको छ। यसबाट पनि सरकार हात धोएर बाहिरिन थालेको छ। विदेशी विश्वविद्यालयसँग सम्बन्धन गाँसिएका शैक्षिक संस्थाहरू देशभर खोलिन थालेका छन्। प्राइभेट शिक्षाको बिगबिगी छ। सिंगो देश विदेशी औषधि कम्पनीको प्रयोगशालाका रूपमा प्रयोग भइरहेको छ। भविष्यका कर्णधार युवा नागरिकहरूलाई विदेशीका भाडाका कामदारहरूमा रूपान्तरण गरिइँदै छ। देशको भविष्य चौपट बनाइँदै छ।

त्यसैले भारतीय मिचाह प्रवृत्ति र नेपालमा रहेको उसको कठपुतली सरकारको विकल्प नखोजिंदासम्म राष्ट्रिय स्वाभिमान, नागरिक स्वतन्त्रता, सार्वभौमिकता, अन्तर्राष्ट्रिय इज्जत प्रतिष्ठा, आत्म निर्भर अर्थतन्त्र आदिको परिकल्पना स्वैर कल्पना मात्र साबित हुन जाने प्रस्ट देखिन्छ।

## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# नेपाली कम्युनिस्ट आन्दोलनका समस्याहरू



सागर कुँवर

नेपालको कम्युनिष्ट आन्दोलनमा मूल ट्रेनमा कैयौं समयहरूमा विवादहरू हुने गरेका छन्। त्यसको इतिहासतर्फ नलागौं। मूल ट्रेन भनेको कम्युनिस्ट आन्दोलनको लक्ष्य र उद्देश्यमा पुग्नका लागि मार्क्सवादी लेनिनवादी सिद्धान्तअनुसार मूलभूत विषयमा सही पहिचान र त्यस अनुरूपको कार्यदिशाको निर्माण हो। नेपालमा कम्युनिस्ट बताउने सबै शक्तिहरूले समाजवाद र साम्यवादलाई आफ्नो अन्तिम गन्तव्य बताएका छन्। तर उनीहरूका बीचमा समाजवाद र साम्यवादमा पुग्नका लागि उचित कार्यदिशा के भन्नेमा भने दशकौंदेखि मतभेद रहेको छ। यस प्रकारको मतभेद नेपालको कम्युनिस्ट आन्दोलमा मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलनको नै मुख्य समस्याको विषय बन्दै आइरहेको छ। त्यही मतभेदका कारण कैयौं पटक पार्टीहरू विभाजनहुँदै आएका छन्।

समाजवाद र साम्यवादमा पुग्ने लक्ष्य राखे पनि तत्कालिन राजनीतिक कार्यदिशा र कार्यक्रम परिस्थितिअनुकूल बन्छ वा बन्दैन, त्यो महत्वपूर्ण हुन्छ। वर्तमानमा गलत कार्यक्रम बनाएर भविष्य सुन्दर बन्दैन। कम्युनिस्ट आन्दोलनको उज्ज्वल भविष्यका लागि वर्तमानमा उज्ज्वल भविष्यसँग जोडेर कार्यदिशा निर्धारण गर्नु पर्दछ। विशेष गरेर समाजवाद र साम्यवादमा कसरी पुग्ने भन्ने सवाल निकै नै महत्वपूर्ण छ। वर्ग संघर्षको माध्यमबाट पुग्ने कि वर्ग समन्व्यको माध्यमबाट ?

सिद्धान्ततः वर्गसंघर्षलाई स्वीकार गर्ने, तर वर्ग सघर्षको बाटो अवलम्बन नगर्ने, वर्ग सघर्ष भन्नेबित्तिकै हतियारवद्ध आन्दोलन हो भनेर बुझिहाल्ने मनोदशाले अन्ततः वर्ग समन्वयलाई नै सहयोग गर्दछ। यस प्रकारको रूपमा वर्ग सघर्षको पक्षमा देखिएर सारमा वर्ग समन्वयको रथमा हिँड्ने समूहले तत्कालीन राजनीतिक कार्यदिशालाई कम्युनिस्ट पार्टीको रणनीतिक योजनालाई सहयोग पुऱ्याउने हिसाबले होइन, केवल कार्यक्रमका लागि कार्यक्रम मात्र बनाउने गर्दछन्। त्यो नेपालको सन्दर्भमा पनि लागू भएको छ।

मार्क्सवाद-लेनिनवाद मान्नु, सिद्धान्तमा सशस्त्र सघर्षलाई स्वीकार गर्नु, लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई सैद्धान्तिक हिसाबले मान्नुलाई मात्र मूल ट्रेन बताएर उम्कने कि समाजवाद र साम्यवादसम्म पुग्नका लागि मार्क्सवादी-लेनिनवादी सिद्धान्तअनुसार सङ्गठन, कार्यदिशा बनाउने र त्यसलाई व्यवहार लागू गर्ने ? यो टड्कारो विषय हो। नेपालमा कैयौं समुहहरूले सिद्धान्ततः मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारालाई स्वीकार गर्दछन्। दीर्घकालीन सशस्त्र सघर्षलाई पनि स्वीकार गर्दछन्। सर्वहारा अधिनाकत्वलगायत मार्क्सवादका आधारभूत सिद्धान्तलाई लिखितम रूपमा स्वीकार गर्दछन्। तर, व्यवहारमा त्यस प्रकारको कार्यदिशा अबलम्बन गर्दैनन। यो निकै नै गम्भीर समस्या हो। यस्ता समुहहरूले असल क्रान्तिकारी कार्यकर्तामा असल कम्युनिस्टको भ्रम छरेर जानिँदो र नजानिंदो तरिकाले अन्ततः दक्षिणपन्थी अवसरवादलाई नै सहयोग पुऱ्याइरहेका हुन्छन्। दक्षिणपन्थी संशोधनवादमा विसर्जन भैसकेका समुहहरूले समाजवादी राज्य व्यवस्थाका लागि हामी छौं भनेर भ्रम छरिरहेको समयमा मार्क्सवाद-लेनिनवादको स्वीकारोक्तिको नाममा कैयौं कम्युनिस्ट समुहहरूले समेत छद्म रूपमा प्रकारान्तले दक्षिणपन्थीहरूको यात्रामा सारसंग्रहित हुने अवसरवादी यात्रा तय गर्दै गैरहेको वर्तमान परिदृश्यमा वास्तवमा क्रान्तिकारी पार्टी निर्माण एतिहासिक आवश्यकता हो।

क्रान्तिकारी पार्टी निर्माण कुनै दस्तावेज मात्र तयार गरेर निर्माण हुँदैन। दस्तावेजमा मार्क्सवाद-लेनिनवाद-माओविचारधारा, लेनिनवादी सङ्गठनात्मक सिद्धान्त (जनवादी केन्द्रीयता), पार्टी नेतृत्व, सर्वहारा अधिनायकत्व, सर्वाहारा विश्व दृष्टिकोण, वर्ग संघर्ष, हिंसात्मक क्रान्ति (बलप्रयोगको सिद्धान्त) लाई लेखेर मात्र क्रान्तिकारी पार्टी निर्माण हुँदैन। क्रान्तिकारी पार्टी निर्माणको लागि माथि उल्लेखित प्रस्थापनाहरूलाई व्यवहारिक रूप दिनु पर्दछ। वर्तमान विश्व कम्युनिस्ट आन्दोलनमा मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधारालाई पथप्रदशक सिद्धान्त बताउने केही समुहहरू प्रतिक्रियावादी राज्यसत्ताको चौकीदार बन्नका लागि समेत तयार हुने, उत्पीडित जनताको पक्षमा भन्दा पनि शोषकहरूको राज्यव्यवस्थामा रमाउन चाहने व्यवहारिक प्रयोगहरू हुँदै आइरहेका छन्। ठोस परिस्थितिको ठोस विश्लेषण र कम्युनिस्ट आन्दोलनको रक्षात्मक अवस्थाको हवाला दिएर एउटा प्रतिक्रियावादी राज्यसत्ताको हिस्सेदार बन्ने कम्युनिस्ट आन्दोलनको नवीन प्रवृत्ति सर्वहारा वर्गको समाजवादी राज्यवस्थामा पुग्ने बाटो माथिको गम्भीर धक्का हो।

नेपालमा विशेष गरेर तत्कालीन राजनीतिक कार्यदिशामा देखिने मतभेद नै मुख्य मतभेदको विषयवस्तु बनेर कम्युनिस्ट आन्दोलनमा टुट-फुट र विभाजनसमेत हुँदै आएको छ। रणनीतिक उद्देश्य पूरा गर्ने सवालमा भन्दा पनि तात्कालीन राजनीतिक कार्यदिशा के हुने भन्ने मतान्तरले नै कम्युनिस्ट आन्दोलन कैयौं शीराहरूमा विभाजन भएर दक्षिणपन्थी दिशा समात्दै घोर प्रतिक्रियावादमा विलिन भएका कैयौं तथ्यहरू हाम्रो अगाडि दिनको घाम झैं छर्लङ्ग छ्न। खास गरेर दुई लाइन संघर्ष सन्चालनमा देखिएको अधिभूतवादी चिन्तन र कम्युनिस्ट आन्दोलनको गम्भीर समस्यामा रहेको निम्न पुँजीवादी चिन्तनका कारणले कम्युनिस्ट आन्दोलनले नराम्रोसँग सेटव्याक खाँदै आएको छ। आफूलाई मार्क्सवादी-लेनिनवादी बताउने शक्तिहरूले पनि दुईलाइन सघर्षलाई ठोस ढङ्गले अगाडि बढाउने गरेको प्रयत्नहरू खासै पाइँदैनन्।

कम्युनिस्ट आन्दोलनमा विषेश गरेर जुन समूह पार्टीभित्र बहुमतमा हुन्छ, वहुमतपक्षले अल्पमतपक्षलाई प्रायः अनुशासनको नाममा अनावश्यक लाञ्छना लगाएर यो वा त्यो बाहनामा कारवाही गर्ने र कारवाही पर्ने बित्तिकै उक्त पार्टी छाड्ने प्रवृत्तिले दुई लाइनको सघर्षलाई उचित ढङ्गले अगाडि बढाएको पाइँदैन। पार्टीभित्र मतभेदहरू हुन्छन्, तिनीहरूको मैत्रीपूर्ण तरिकाले समाधान गर्ने, बहस-छलफल चलाउने, मार्क्सवादी-लेनिनवादी पद्धतिअनुसार यसको सही निष्कर्षमा पुग्नु पर्नेमा त्यसको सैद्धान्तिक दुहाई दिएर व्यवहारिक हिसाबले त्यसलाई कार्यन्वयन गरेको पनि पाइँदैन। स्वस्थ र मैत्रीपूर्ण तरिकाले उल्लेखित समस्याको समाधान नगरिकन गुटबन्दी गरेर, कैयौं विधि-प्रक्रिया र पद्धतिहरू मिचेर कृतिम समाधान निकाल्ने कार्य नेपालको कम्युनिस्ट आन्दोलनमा निकै नै ठूलो समस्या बनेको छ।

कम्युनिस्ट पार्टीको ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# अरिङ्गालको कथा

हिजोआजको मौसम अरिङ्गालले साम्राज्य फैलाउने मौसम हो। यो बर्खाका महिनामा अरिङ्गालले जताततै गोलो लाउने गर्च। जङ्गलका ठूल्ठूला रुखका हाँगाहरूमा ठूल्ठूला गोलो बनाएर अरिङ्गालले आफ्ना सन्तान फैलाउँच। यसरी फैलिएका अरिङ्गालले किसानका खेतबारी, घरआँगन, करेसाबारी, बगैँचा जताततै साम्राज्य फैलाएर मनुखे जगतमा आतङ्क मच्चाउँच। किसानले खेती गरेका मकैका घोगामा दुलो पारेर खाइदिने, मकैबारीमा मनुखे गयो भने चिलेर लखेट्ने गर्च। घर आँगनमा पालेका मौरीका घार घारमा पसेर मौरी खाइदिन्छ। बालबच्चाहर्लाई चिलेर अनुहार हातखुट्टा कुरूप पारिदिन्च। सबै अरिङ्गाल खनिएर एउटै मनुखेलाई चिल्यो भने त निज मनुखेको इहलिला समेत समाप्त हुन्च। यस्तो खतरनाक हुन्च अरिङ्गाल।

यस्तो खतरनाक प्रकृतिको अरिङ्गाल पनि दुई वर्णको हुन्च। एउटा कालो वर्णको र अर्को रातो वर्णको। रातो भन्दा कालो रिसाहा र खतरनाक हुन्च। यो निकै आक्रामक हुन्च। यसले मनुखेलाई छिटो र तीव्र गतिमा आक्रमण गर्च। मनुखे जगतका लागि अरिङ्गालले फाइदा भन्दा बेफाइदा धेरै गर्च। किनकि यसले मनुखेको हानीपजनी धेरै गर्च। नोक्सान धेरै पुऱ्याउने भएकाले यसलाई मनुखेले नकारात्मक उदाहरणका रूपमा लिन्च।

अहिले नेपाल मण्डलमा अरिङ्गालले साम्राज्य फैलाएको छ। यो हाईब्रिड जातको अरिङ्गाल हो। कालो वर्ण र रातो वर्णको अरिङ्गाललाई क्रस गराएर एउटै अरिङ्गाल बनाइएको छ। यो अरिङ्गालको माऊ अर्थात् ढेँडु अरिङ्गाल बालुवाटारको गोलामा बस्च। अरू चल्ला अरिङ्गाल जति सिंहदरबार र नयाँ बानेश्वरतिरका गोलामा बस्चन्। ढेँडु अरिङ्गाल कालो अरिङ्गाल हो। ढेँडु अरिङ्गालको बथानमा रातो वर्णको अरिङ्गाल मिसिएपछि यो अरिङ्गालको बथान निकै ठूलो भएको छ। झण्डै दुइतिहाईको सङ्ख्यामा रहेको यो अरिङ्गालमा डाइना मात्रै छन्। कर्मी अरिङ्गालले काम गर्च तर डाइनो अरिङ्गालको काम भनेको खान्की हसुर्ने र सन्तान फैलाउने मात्रै हो। यो लुटेरा अरिङ्गाल भएकाले मनुखेलाई बढी आक्रमण पनि यसैले गर्च। कालो वर्णको अरिङ्गालले कुनै समयमा रातो वर्णको अरिङ्गाललाई पनि आक्रमण गर्थ्यो। कुनै समयमा रातो अरिङ्गाल पनि निकै फैलिएको थियो। मुलुकै रातो अरिङ्गालले खान्च की जस्तो गरेको थियो। तर यो अरिङ्गालले पनि कर्म गर्न छोडेर अरूलाई चिल्ने, लुटेर बसिबसि खान पल्केपछि यसको सन्तान मासिँदै गयो। सन्तान मासिँदै जाँदा रातो अरिङ्गालको रङ पनि खुइलिँदै जान थाल्यो। रङ खुइलिएर फुम्रोखैरो हुन थालेपछि यसको मानमनितो र चर्चा परिचर्चा घट्दै गयो। अन्तिममा पहिला आफ्नै शत्रु भएको कालो अरिङ्गालमा गएर मिसियो र त्यही गोलामा घुम्रिएर बस्यो। मिसिएको अरिङ्गाल पट्टीको नाइके अरिङ्गालले दुई नम्बरीको पदवी पायो। एउटै गोलामा दुइटा नाइके अरिङ्गाल भए। नेचुरल अरिङ्गालको बथानमा एउटा गोलामा नाइके अरिङ्गालको सङ्ख्या बढेपछि घार फाट्छन्। तर यो हाइब्रिड जातको अरिङ्गाल भएकाले दुइटा नाइके एउटै घारमा बसेर फरक फरक घारमा हुर्केका अरिङ्गाल एउटै गोलामा गएर मिसिएका छन्। तर दुइटा नाइकेले आफ्ना आफ्नै घारतिरका बथानको नेतृत्व गर्चन्। एउटै गोलामा मिसिएपनि यीनको खानपिन, रहनसहन, उठबसमा केही अन्तर भएकाले एउटै रङमा पूर्ण रूपले बदलिन सकेका छैनन्। तर पनि हसुर्ने मामिलामा भने दुबै एउटै चरित्रका भएका छन्।

नेचुरल अरिङ्गालले कर्म धेरै गर्ने भएकाले घार फटेर धेरै गोला बनाउँच। तर यो हाइब्रिड अरिङ्गालले कर्म नगर्ने भएकाले कर्मी अरिङ्गाल हुँदैनन् डाइना अरिङ्गाल मात्रै हुन्चन्। तिनले हसुर्ने मात्रै भएकाले एकताबद्ध भएर धेरै भन्दा धेरै हसुर्न पाइन्च भनेर एकतावद्ध भएका हुन्। यसरी एकतावद्ध भएपछि ससाना डाइनाहर्ले राम्रोसँग खाने बस्नेको सुविधा पाएनन्। चल्ला अरिङ्गालले गोलामा राम्रो बास र गास नपाएको हुनाले छरपस्टिएर अलपत्र परेर आकासमा भौंतारिँदै उडिरहेका छन्। चल्ला अरिङ्गाललाई एकतावद्ध बनाएर एउटै गोलामा हुल्न ढेँडु अरिङ्गालहर्लाई हस्याङ फस्याङ परेको छ। जति कोसिस गर्दै पनि सकेका छैनन्। एउटा एउटा अल्झन् र बखेडा आइलाग्च अनि भाँडिन्च।

यो अरिङ्गालले मनुखे जगतलाई जताततै चिल्न मात्रै थाल्यो। कालो अरिङ्गालमा रङ खुइलिएर फुम्रोखैरो भएको अरिङ्गाल मिसिएपछि यसको रङ झन् बढी चुकजस्तो कालो भयो। डाइनाको सङ्ख्या मात्रै बढ्यो। ससाना, मझ्यौला र ठूला गरी तीन तहका गोला भएपछि सबै गोलाहरूमा डाइनाहरू मात्रै बढे। तीनलाई आहाराको कमी भयो। त्यसपछि तिनले मनुखेको बालीनाली नष्ट पारेर पनि नपुगेपछि मनुखेलाई नै अन्धाधुन्ध चिल्न थाले। मनुखेहरूमा हाहाकार मच्चियो। त्यसपछि तीन तहका गोलाहरूमा साम्राज्य फैलाएको अङ्गिालको चौतर्फी विरोध हुन थाल्यो। यसरी चौतर्फी रूपमा अरिङ्गालको विरोध हुन थालेपछि हाइब्रिड जातको चुके अरिङ्गालको सिँहदरबारमा विराजमान ढेँडु अरिङ्गालले आफ्नो बथानको बैठक डाक्यो। बैठकमा डाइनाका नाइकेहरू मात्रै सहभागी भए।

बैठकलाई सम्बोधन गर्दै ढेँडु अरिङ्गाल अर्थात् नाइके अरिङ्गालले भन्यो 'अहिले मनुखे जगतबाट हाम्रो चौतर्फी विरोध र भण्डाफोर भैराखेको छ। हामी माथी हसुरेको आरोप आइराखेको छ। यस्तो बेला सबै अरिङ्गाल एकजुट भएर मनुखेमाथि जाइलाग्नु पर्दैन ? हामी दुइटा ढेँडुको मात्रै हो बचाउ गर्ने जिम्मा ? दुइनम्बरीले पनि भित्रभित्रै मेरा विरुद्ध खड्यन्तर गर्न थालेको भन्ने सुन्चु। बाहिर बाहिर मुखले चिल्लो घसेर बथानको बचाउ गरेको जस्तो देखिने भित्र भित्रै कैँची चलाउने ? मुखमा राम राम बगलीमा छुरा ? अरू डाइनाहर्ले हसुर्ने मात्रै हो कि ढेँडुको पनि बचाउ गर्ने हो ? नुनको सोझो गर्न पर्दैन ? अब उप्रान्त सबै अरिङ्गाल एकजुट भएर खनिनु पर्च। नत्र ठिक हुने छैन। भन्द्या छु।'

यसरी डाइना अरिङ्गालहर्लाई बैठकमा बोलाएर ढेँडु अर्थात् नाइके अरिङ्गालले हकारेपछि कालो गुटतिरको पश्चिम मोहडातर्फको डाइना अरिङ्गालले भन्यो 'सबै डाइना एकजुट भएर आक्रमण गर्न त ढेँडु अरिङ्गालले पनि सबैलाई एकजुट बनाएर समालेर राख्न सक्न पऱ्यो नि। आफूले सबैलाई एकजुट बनाउन नसक्नी अनि अरूलाई एकजुट भएर ढेँडुको बचाऊ गर्न खनिनु पर्च भन्नी ?' त्यसपछि बैठकमा झ्र्ररर डुर्रर, भुनुनुनन, झ्याइँइँइ गर्दै चम्राकचिम्रिक्क भए। र, डाइनाहरू तितरवितर भए। ढेँडु अरिङ्गाल आफ्ना सुरक्षा गाडको घेराबन्दी बनाएर बासस्थान बालुवाटारतिर लाग्यो। भन्नेलाई फूलको माला, सुन्नेलाई सुनको माला पढ्नेले हाँस्दै घरतिर जाला। यो कथा मूलबाटो र बर्गदृष्टीमा खुरुक्क आउला।

*७ असोज २०७५*

# जनतासँग अन्तरङ्गसहितको वैचारिक अन्तरक्रिया आवश्यक छ



**संघर्षका मुख्य पक्षहरू भनेको अहिले राष्ट्रिय स्वाभिमानसँग जोडिएका, जनताका दैनिक जीविकासँग जोडिएका र जनपक्षीय शासनसत्तासँग जोडिएका कुराहरू नै हुन्**

सुरेश श्रेष्ठ

***संगठन विस्तार तथा सुदृढीकरण अभियान चलिरहेको छ। काठमाडौं आफैंमा निकै विसाल र धेरै तहहरूमा विभक्त छ। अभियान कसरी लगिरहनु भएको छ ?***

हाम्रो पार्टी केन्द्रीय समितिको निर्णय मुताविक उपत्यकामा संगठन विस्तार तथा सुदृढीकरण अभियान चलिरहेको छ । यस क्रममा हामीहरूले महानगरमा चारवटा इलाका र वरपरको काँठक्षेत्रका दशवटा नगरपलिकाहरूलाई आठवटा इलाकामा विभाजन गरेर १२ वटा इलाकाहरू निर्माण गरेका छौं ।

विगतमा निर्माण गरिएका भद्दाखालका संगठनहरूका ठाउँमा हामीले चुस्त र संगठित कमिटीहरू निर्माण प्रयास जारी राखेका छौं । यसरी निर्माण गरिएका संगठनहरू बढी अनुशासित हुने छन् । काठमाडौंमा एक त जनसंख्या पनि निकै घना छ । करीब ५० लाख मानिसहरू यहाँ बसोबास गर्दछन् । हाम्रो पार्टीका विचार, राजनीतिक, सांगठनिक तथा संघर्षका कुराहरू पुऱ्याउन निकै अनशासनबद्ध र सुसंगठित पार्टी कमिटीको आवश्यक छ । हालको अभियान अन्तर्गत हामीहरूले हाम्रो पार्टीको विचार, सन्देश र प्रतिवद्धता जनताका माझमा पुऱ्याउन सफल भएका छौं ।

जनताका माझमा सापेक्षतामा क्रान्तिकारी माओवादी नै सही छ भन्ने कुरा जनताले भन्ने पनि गरेका छन् ।

***अभियानसँगै नेता तथा कार्यकर्ताको परिचालनमा कत्तिको गति आएको छ ?***

विगतको तुलनामा सापेक्षित केन्द्रीकरण भएको छ । तर हामीले अपेक्षा गरेअनुरूप संगठनमा त्यति गति आएको र परिचालित भएको पाएका छैनौ । एकातिर व्यवस्थापकीय समस्याहरू पनि आफ्नो ठाउँमा त छन् भने अर्कोतिर हामी बाहिरबाट साम्राज्यवाद र विस्तारवादका साथै घरेलु दलाल प्रतिक्रियावादका घेराबन्दीमा छौं ।

हाम्रो पार्टीको नीति तथा कार्यक्रमहरूलाई ब्ल्याक आउट गर्ने र समाचार नदिने पनि भएको छ । कतिपय त समाचार संकलनसम्म गर्न नदिने पनि भएको छ । हाम्रा कार्यक्रम गरेअनुसारको मिडियामा आएका पनि छैनन् । यसको अर्थ यो होइन कि हामीले केही पनि थगतिविधि गरिरहेका छैनौं ।

हामीलाई के थाह छ भने जनताभन्दा माथि कोही पनि छैन । ती जनता क्रमशः हाम्रो पक्षमा आकर्षित भइरहेका छन् ।

हामीहरूले राजनीतिक, वौद्धिक तथा केही विज्ञहरूसँग परामर्श गर्दा केही राम्रा सुझावहरू हामीकहाँ आएका छन् ।

***कस्ता खालका कार्यक्रहरू ल्याएपछि यी सबै छापा वा मिडियामा आउँथे जस्तो लाग्छ ?***

संघर्षका मुख्य पक्षहरू भनेको अहिले राष्ट्रिय स्वाभिमानसँग जोडिएका, जनताका दैनिक जीविकासँग जोडिएका र जनपक्षीय शासनसत्तासँग जोडिएका कुराहरू नै हुन् । हामीले यी भन्दा भिन्दै परिकल्पना गरेर संघर्षका कार्यक्रमहरू विकास गर्न सक्देनौ पनि । अहिले जनतामा केही त भ्रमहरू पनि पैदा भएको छ ।

जनयुद्धले ठूलो सेटव्याक खाएपछि नेपाली जनतामा यसले गहिरो नकारात्मक प्रभाव पारेको छ। अर्कोतिर नक्कली वामहरूको सरकार बनेको छ । यसले समाजवाद निर्माणको भ्रम छरिरहेको छ । योजनावद्ध रूपमा जनताबाट वामपन्थी तथा क्रान्तिकारीहरूलाई कटाउने गरिरहेको छ। एकातिर महान् जनयुद्धले धक्का खाएको र अर्कोतिर संशोधनवादीहरूले भ्रम छरिरहेको बेला छ।

यसबेलामा जनयुद्धको कुरा त छोडिदिऔं, १९ दिने जनआन्दोलनको मर्म र भावना अनुसार अघि सारिएका एजेण्डाहरू पनि पछि पारिएका छन् । सामान्य रूपमा हेर्दा पनि के देखिन्छ भने संघीय संविधान, पहिचानअनुसार प्रदेशको नामाकरण, समावेशिता र समानुपातिकता यी सबै छाडिएको छ।

संघीयताका नाममा ७ प्रदेशहरू बनाइएका छन्, तर संघीयताको गन्ध तिनीहरूमा छैन । आश्चर्यको कुरा त के पनि छ भने तिनीहरूलाई पनि टिक्न नदिने योजना वर्तमान सरकारको रहेको छ । पछिल्लो चरणको सापेक्षित उपलब्धीका रूपमा रहेको यो संघीताको कुरा अनावश्यक कर लगाउन लगाएर जनताको वितृष्णा जन्माउन खोजिएको छ। यो संघीयताविरोधी डिजाइनसँग जोडिएका छ।

एउटै मात्र उदाहरण लिऔं कि प्रधानमन्त्री केपी ओली न संघीयताको पक्षमा थिए, न त गणतन्त्रकै पक्षमा । आज के पी ओलीलाई योजनबद्ध रूपमा जनयुद्ध र जनआन्दोलनका उपलब्धिहरू सेबोर्टेज गर्न प्रमुख बनाइएको छ । यिनले संघीयता, धर्मनिरपेक्षता, समानुपातिकता, समावेशिता र गणतन्त्र सिध्याउन योजना बनाइरहेका छन् ।

उनीहरू यी सबैलाई असफल गराउने दिशामा अघि बढिरहेका छन् ।

ओली सरकारका यी सबै गतिविधि यिनै उपलब्धीका विरुद्ध परिलक्षित छन् ।

***यति बेला यिनै उपलब्धिहरूलाई जोगाउने खालका संघर्षका कार्यक्रमहरू ल्याएमा जनताको साथ मिल्ने देखिन्छ त ?***

अहिले संघीयताको कुरा मात्र होइन, पहिचानको कुरा पनि संकटमा परेको छ । यो कुरा भावना मात्र नभएर विचार, संगठन, सत्ता र अधिकारको कुरा पनि हो । यसको सबैभन्दा पहिलो शर्त भनेको यो आन्दोलनलाई हाँक्ने सुसंगठित कम्युनिष्ट पार्टी हो । अहिले हामीलाई अनुशासित र सुसंगठित तथा मिलिटेन्ट कम्युनिस्ट पार्टीको आवश्यकता रहेको छ ।

हिजो हामीसँगै साथमा रहेर जनयुद्ध लडेका साथीहरूमा आज निकै ठूलो विचलन आएको छ । जनतामा के मात्र गुनासो छ भने हामीले धोखा पायौं । हामीलाई धोखा दिइयो । यति ठूलो बलिदानबाट आएको नेतृत्व पनि सिद्धियो भन्ने नकारात्मकता पैदा भएको छ । झापा विद्रोह र त्यसका नेताहरूको पतनले लगभग पचास वर्ष नेपालीहरूलाई पर्खन लगाए । पछि आएर २०५२ सालमा मात्र जनयुद्ध भयो । यसबीचमा भ्रमले यति काफी काम गऱ्यो ।

आज आएर १० वर्षको जनयुद्धले खाएको धक्काले पनि नमीठो सन्देश त दिएको छ । १७ हजार भन्दा बढी जनताका छाराछोरीहरूले बलिदान गरे । हामी यो स्पिरिटलाई समातेर जान खोजिरहेका छौं । तर जनता अहिल्यै तयार छैनन् । भ्रम निवारण कसरी गर्ने ? तर यथार्थ कुरा के हो भने यो शंकाको निवारण भनेको वर्गसंघर्षबाटै हो ।

***यो सन्दर्भमा क्रान्तिकारी माओवादीले वर्ग र जातीयक्षेत्रीय संघर्षहरूलाई जोडेर लान खोजेको हो ?***

अवश्य पनि । चाहे प्रजातन्त्र वा जनवादको कुरा गरौं वा राष्ट्रिताको यी दुवै जोडिएका छन् नेपालको सन्दर्भमा । तर के देखिएको छ भने नेपालमा प्रजातन्त्रको कुरा गर्दा राष्ट्रियता बिर्सने र राष्ट्रियताको कुरा गर्दा प्रजातन्त्र विर्सने समस्या बढी छ ।

नेपालको वर्तमान सन्दर्भमा यो लोकतन्त्र र राष्ट्रियतासँग जोडिएर आएको छ । यी एक सिक्काका दुई पाटाहरू हुन् । राष्ट्रियताको कुरा गर्दा पनि यहाँ आन्तरिक तथा बाह्य राष्ट्रियताका कुराहरू आउने गर्दछन् । बाह्य तथा आन्तरिक राष्ट्रियताका कुरा गम्भीरताका साथ बुझ्नु जरुरी छ ।

अहिले लोकतन्त्रको कुरा गर्ने तर पहिचानको कुरा छाडिदिने भएको छ । पहिचानविनाको लोकतन्त्रको के काम ? यहाँ अन्ध जातिवादका कुरा उठ्ने पनि गरेका छन् । यो गलत हो

***यतिका कुरा गऱ्यौं। तर जनयुद्धले उठाएका नारा र एजेण्डाहरू गलत त रहेन छन् नि, होइन र ?***

केही राजनीतिक विश्लेषकहरू र टिप्पणीकर्ताहरूले जनयुद्ध नै बेठीक थियो भन्ने गरेका पनि पाइन्छ । तर यो गलत हो । लाइन, एजेण्डा र कार्यक्रमहरू नै गलत भएको भए जनयुद्ध यो उचाइमा आइपुग्ने नै थिएन । बरु कुरा केहो भने मुख्य नेतृत्वको नियत नै गलत भएका कारणले यसले यस्तो हबिगत बेहोर्नु परेको थियो ।

जनयुद्धको नीति, विचार र संघर्षका कार्यक्रम समय सापेक्ष थिए । र, जनअनुमोदित पनि । यहाँ बुझ्नु पर्ने कुरा के हो भने राजनीतिक लाइन र लिडरशीप एकअर्कामा घनिष्ठ स्पमा जोडिएका कुराहरू हुन् ।

बाबुराम भट्टराईले पछिल्लो पटक आएर एक अन्तर्वार्ता दिंदै यो कुरा स्वीकार गरेका छन् कि यदि किरण कमरेड भारतीय जेलमा नपरेको भए जनयुद्धले यति धेरै सेटब्याक खाएर सकिनु पर्ने अवस्थामा पुग्ने थिएन । यसले के देखाउँछ भने मुख्य क्रान्तिकारी नेताको गिरफ्तार वा अनुपस्थितिले आन्दोलनमा कति ठूलो प्रभाव पार्दो रहेछ । किरण कमरेडलाई भारतले गिरफ्तार नगरेको भए जनयुद्ध एक अवस्थामा पुगिसकेको हुने थियो । यसले बाबुरामको भनाइ र किरणको गिरफ्तारीमा केही प्रश्नहरू अवश्य उठाएको छ । अनुसन्धान जरुरी छ ।

आखिर त क्रान्तिकारी नेताको गिरफ्तारी पछि आन्दोलन सकिएको छ ।

***अब के जनयुद्धले पूरा गर्न नसकेका एजेण्डाहरू जनविद्रोहद्ववारा पूरा गर्न सकिएला त ?***

हाम्रो पार्टीले पोखरा सम्मेलनबाट एउटा नयाँ रणनीतिक कार्यदिशा पारित गरेको छ । त्यो भनेको जनविद्रोह हो । यो संश्लेषण सही छ । यो कार्यदिशाअनुरूप कार्यक्रमहरू केके बनाउन र लागू गर्न सकिन्छ ? यसबारेमा सोचिनु पर्छ । पछिल्लो अभियानका क्रममा हामी वौद्धिक वर्गसँग केही छलफलमा पनि छौं । उहाँहरूको सल्लाहअनुसार पनि हामीले हाम्रो कार्यदिशालाई क्रियान्वयनमा लैजान सक्छौं पनि । त्यसको कार्यान्वयनका बारेमा वस्तुगत स्थिति आफैमा परिपक्व छ । आत्मगत स्थिति तयार गर्ने हो । हामी वस्तुगत स्थितिअनुरूप तयारीमा लाग्ने हो ।

हामीले जनताका बीचमा जाँदा के देख्छौं भने वर्तमान सरकार निकै संकटमा छ । यसले भर्खरै पाँच महिनामा टेकेको छ, तर निकै जनविरोधी बनिसकेको छ । देशको ठूलो हिस्सा जनता राज्यले लिएका नीति तथा कार्यक्रममा निकै असन्तुस्ट छन् । त्यो असन्तुष्ट जनतासँग हामीले अन्तरक्रिया गर्नुपर्छ ।

शैक्षिक क्षेत्रमा राज्यले लिएको नीतिमा जाने हो भने देशको शैक्षिक स्थिति डाबाँडोलको अवस्था आउने देखिएको छ । अनावश्यकक करसंग जनता निकै तर्सिएका छन् । शिक्षा निकै निजीकरण भएको छ । विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजहरू निकै खुल्न थालेका छन् । राष्ट्रिय पुँजीपतिहरू निके त्रस्त छन् । उनीहरूको चरम संकटको भूमरीमा छन् । उनीहरू सरकारको अर्थनीतिको विरोधमा छन् र भन्ने गरेका छन् अब देशको अर्थतन्त्र ढिलो वा चाँडो दलालको हातमा जान्छ । अहिले सामाजिक न्याय खोई ? पीडित न्याय खोज्दै हिंड्छ । बलात्कारी राज्यको संरक्षणमा छ । यसले नेपाली विशिष्टताको जनविद्रोह संभव र अनिवार्य बनाउँदै लगेको छ ।

***८. त्यसो भए, अब त सुरु देखि नै राष्ट्रिय पुँजीपति वर्गसँग अन्तरंगका कुरा र मोर्चा बनाउँदै जानु पर्ने भयो त ?***

हो, हामीले राष्ट्रियताको कुरा गर्छौं । राष्टिय मुक्ति आन्दोलनको कुरा गर्छौं । यसको साथमा राष्ट्रिय अर्थतन्त्रको कुरा गर्छौं भने राष्टिय पुँजीपति त जोडिने नै भए नै । यो राम्रो कुरा पनि हो ।

दलाल पुँजीपतिसँग लड्दा राष्ट्रिय पुँजीपति त हाम्रो मित्र शक्ति पनि भयो । यो दलाल पुँजीवाद परास्त गर्न नेपाली मौलिकताको आन्दोलनमा उनीहरूको भूमिका अग्रिम नै देखिन्छ ।

***९. अन्तरंगपूर्ण अन्तरक्रिया कसरी सम्पन्न गर्ने होला?***

वर्तमान सरकार थारे पनि जनताले पाएका जनताका हक अधिकार अपहरण गर्ने दिशामा अघि बढिरहेको छ । यो बेलामा संघर्षको उठान जरुरी छ । यो बढी खुल्ला खालको र विसाल मोर्चाको हुने देखिन्छ । यसमा सरकारले मारमा पारेकाहरू सबै आवद्ध हुन आउने देखिन्छ । यसको प्रकृति बढी वैधानिक हुने पनि देखिन्छ ।

यसमा स्वतन्त्र प्रकारका संयन्त्रहरू पनि निर्माण गरिनु पर्ने हुन सक्छ । मञ्च र फोरुमहरू यसमा चलाउन सकिने छ । अस्थायी प्रकारका सांगठनिक स्वरूपहरू पनि यसका हुन सक्ने देखिन्छन् । हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका कुराहरूमा साझा धारणा बनाउन सक्यौं भने यसले गति लिन सक्ने देखिन्छ ।

*(श्रेष्ठ नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय समिति सदस्य हुन् ।)*

---

- जनयुद्धले ठूलो सेटव्याक खाएपछि नेपाली जनतामा यसले गहिरो नकारात्मक प्रभाव पारेको छ । अर्कोतिर नक्कली वामहरूको सरकार बनेको छ । यसले समाजवाद निर्माणको भ्रम छरिरहेको छ । योजनावद्ध रूपमा जनताबाट वामपन्थी तथा क्रान्तिकारीहरूलाई कटाउने गरिरहेको छ । एकातिर महान् जनयुद्धले धक्का खाएको र अर्कोतिर संशोधनवादीहरूले भ्रम छरिरहेको बेला छ ।
- संघीयताका नाममा ७ प्रदेशहरू बनाइएका छन्, तर संघीयताको गन्ध तिनीहरूमा छैन । आश्चर्यको कुरा त के पनि छ भने तिनीहरूलाई पनि टिक्न नदिने योजना वर्तमान सरकारको रहेको छ । पछिल्लो चरणको सापेक्षित उपलब्धीका रूपमा रहेको यो संघीताको कुरा अनावश्यक कर लगाउन लगाएर जनताको वितृष्णा जन्माउन खोजिएको छ । यो संघीयताविरोधी डिजाइनसँग जोडिएका छ ।
- चाहे प्रजातन्त्र वा जनवादको कुरा गरौं वा राष्ट्रिताको यी दुवै जोडिएका छन् नेपालको सन्दर्भमा । तर के देखिएको छ भने नेपालमा प्रजातन्त्रको कुरा गर्दा राष्ट्रियता बिर्सने र राष्ट्रियताको कुरा गर्दा प्रजातन्त्र विर्सने समस्या बढी छ ।
- केही राजनीतिक विश्लेषकहरू र टिप्पणीकर्ताहरूले जनयुद्ध नै बेठीक थियो भन्ने गरेका पनि पाइन्छ । तर यो गलत हो । लाइन, एजेण्डा र कार्यक्रमहरू नै गलत भएको भए जनयुद्ध यो उचाइमा आइपुग्ने नै थिएन । बरु कुरा केहो भने मुख्य नेतृत्वको नियत नै गलत भएका कारणले यसले यस्तो हबिगत बेहोर्नु परेको थियो ।
- हामीले राष्ट्रियताको कुरा गर्छौं । राष्टिय मुक्ति आन्दोलनको कुरा गर्छौं । यसको साथमा राष्ट्रिय अर्थतन्त्रको कुरा गर्छौं भने राष्टिय पुँजीपति त जोडिने नै भए नै । यो राम्रो कुरा पनि हो । दलाल पुँजीपतिसँग लड्दा राष्ट्रिय पुँजीपति त हाम्रो मित्र शक्ति पनि भयो । यो दलाल पुँजीवाद परास्त गर्न नेपाली मौलिकताको आन्दोलनमा उनीहरूको भूमिका अग्रिम नै देखिन्छ ।

# 'यो संविधानले दलालहरू मोटाए'

नवलपरासी । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नवलपुरले संविधान दिवसको विरोध गर्दै नेपालको संविधान २०७२ ले दलालहरू मोटाउने काम मात्र गरेको भन्दै यो जनताबाट तिरस्कृत भएको बताएका छन् । देश र जनताका आवश्यकताहरूलाई संवोधन गर्न नसकेको र जनगणतन्त्र विरोधी चरित्रको भएकाले यो संविधानलाई देजमो नवलपुरले आज कावासोतीमा प्रतिकका रूपमा जलाएको पनि छ ।

संविधान दिवसको उक्त विरोध कार्यक्रममा सहभागीहरूको माझ बोल्ने क्रममा वक्ताहरूले भनेका थिए- 'वर्तमानमा निर्माण गरिएका संहिता ऐनहरू संविधानको कार्यान्वयनका लागि भनेर ल्याइएका छन् । ती निकै निरङ्कुश तथा जनविरोधी प्रकृतिका रहेका छन् । ती सबै दलाल तथा नोकरशाह र बचेखुचेका सामन्तहरूका हित रक्षाका लागि मात्र बनाइएका छन् । देश आज तस्कर र भ्रष्टाचारीहरूको अखडा बन्न पुगेको छ । सुन तस्करी संस्थागत भएको छ । दोषी भनिएकाहरू प्रहरी जस्तो सुरक्षाअंगहरूका भीआईपी पोष्टमा रहेका छन् । बहालवाला हाकिमहरू रहेका छन् । उनीहरूलाई अदालतले दोषी नभएको प्रमाणित गरेर साधरण तारेखमा छोडिरहेका छन् ।'

'तर आश्चर्यको कुरा त के पनि भएको र हुँदै गएको छ पार्टीका नेता र सरकारका प्रमुखहरूसम्म झाँगिएको सुन तस्करीको लहरो पुगेको ठाउंसम्म खोजी कहिल्यै पनि गरिएको छैन भनी वक्ताहरूले महिला हिंसा र नागरिक सुरक्षाका कुराहरू निकै नै दयनीय अवस्थामा पुगेको यथार्थतामाथि प्रकाश पार्दै सिंगो देश हिंसा र हत्याले आक्रान्त भएको' बताएका थिए । तर हाल दलाल तथा नोकरशाहहरू फुक्लफाक्कल छन् । तर जनताका लागि र उल्टै पीडितका लागि कानुनहरू धमाधम कार्यान्वयन भइरहेका छन् । हुन पनि र भएको पनि हो कि हो, शासन भनेको जनतामाथि गरिने र लादिने कुरा हो ।

बक्ताहरूले अहिले कञ्चनपुरकी निर्मला पन्तको बलात्कार र हत्याका घटनालाई तोडमोड गरेर दोषीलाई उन्मुक्ति दिने गरी अघि बढाइएको कुराको विरोध गर्दै दोषीलाई कारवाही गरी निर्मला पन्त र उनको परिवारजनका साथै सिंगो नेपालीहरूलाई न्याय दिनु पर्नेमा पनि जोड दिएका थिए ।

कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य अशोक लम्साल अनुकुल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नवलपुरका अध्यक्ष पिताम्बर तिवारीले आफ्नो मन्तव्य दिएका थिए । कार्यक्रम शोभा जिसीको सञ्चालनमा भएको थियो ।

# गोदावरी नगरप्रमुखलाई देजमोको ज्ञापनपत्र

ललितपुर । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ललितपुरको गोदावारी नगर समितिले जनताका स्थानीय समस्याहरू समेत समेटेर गोदावरी नगर प्रमुखलाई ३३ बुँदे ज्ञापनपत्र बुझाएको छ । मोर्चाका गोदावारी नगर अध्यक्ष जगदिश्वर महर्जनको नेतृत्वमा गएको टोलीले बिहीबार उक्त ज्ञापनपत्र बुझाएको हो ।

मोर्चाले बुझाएको ज्ञापनपत्रमा प्रस्तुत गरिएका ३३ बुँदे माग अविलम्ब पुरा नगरिए संघर्ष अगाडि बढाउने चेतावानी समेत दिइएको छ । ज्ञापनपत्रको भूमिकामा भनिएको छ, 'देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नेपाली जनताको महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित मोर्चा हो । यसले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा निरन्तर संघर्ष गर्दै नेपाली जनताको निरन्तर त्याग, बलिदान, संघर्ष मुख्यतः दश वर्षसम्म चलेको महान् जनयुद्ध र जनआन्दोलनको परिणामतः आज हामी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणसम्म आइपुगेका छौं । तैपनि नेपालको राज्यसत्ताको रूपगत पक्ष बदलिएको जस्तो देखिएपनि अन्तर्यमा सत्ताको चरित्रमा कुनै भिन्नता आएको छैन । पुँजी र श्रमबिचको अन्तरविरोध, उद्योगपति र मजदुर बिचको अन्तरविरोध र सत्ता शासक र आम नेपाली जनताको अन्तरविरोध झन उत्कर्षतिर पुगेको छ । कृषि प्रधान देश भनेर पहिचान बनाएको नेपालको कृषि बजार भने ८० प्रतिशतभन्दा माथि विदेशी उत्पादनमा आश्रित हुन पुगेको छ । राष्ट्रिय गौरबका योजनाहरू विदेशी कम्पनीलाई बुझाइएको छन् भने विगतदेखि बन्द भएको नेपाली उद्योग र कल कारखानाहरूलाई पुन सञ्चालनमा ल्याउने सन्दर्भमा राज्यसँग कुनै ठोस योजना देखिदैन । यस विषम परिस्थितिमा आज यसै संगठनको गोदावरी नगर समिति मार्फत गोदावरी नगरपालिका भित्रका जनताहरूले भोग्नु परेको समस्याहरूलाई सूत्रबद्ध गरि प्रस्तुत गर्न गइरहेका छौं, साथै प्रस्तुत समस्याहरू समाधान गर्न यहाँको ध्यानाकर्षण गराउँदै अन्यथा वेवस्ता गरिए वा पुरानै प्रक्रियाबाट अगाडि बढ्न खोजिए नेपालका जनताहर चुप लागेर बस्ने छैनन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नेपाली जनताको विद्रोहलाई नेतृत्व गर्न तयार छ ।'

ज्ञापनपत्रमा स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको पहिचान गरी त्यसलाई सूचिकरण गर्नुपर्ने, एनजीओ, आइएनजीओ मार्फत संचालित कार्यक्रमहरू तत्काल स्थगन गर्नुपर्ने, विकास आयोजनाहरू जनसहभागिता मूलक बनाइनु पर्ने, अनावश्यक भूमिको खण्डिकरणमा रोक लगाई कृषि योग्य जमिनको संरक्षण गर्ने नीति लागू गर्नुपर्ने, कृषिमा आधुनिकरणको प्रक्रिया अबिलम्ब थालनी गर्नुपर्ने, कृषि बजारहरूको स्थापना गर्नुपर्ने, चर्को सेवा शुल्क कायम रहेको अवस्थामा झन सम्पत्ती माथि करको भार थोपर्नू अनुचित देखिएकोले एकीकृत सम्पत्ति कर खारेज गरिनुपर्ने, भुकम्प पीडितहरूको ५ वर्षसम्मको कर मिनाह गरी पीडितहरूलाई सहज रूपमा अनुदानको रकम उपलब्ध गराउने बातावरण बनाउनुपर्ने, स्वास्थ्य र शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिनुपर्ने, बढ्दो महंगी, कालोबजारीलाई नियन्त्रण गर्नुपर्ने, सडक विस्तार गर्दा विस्थापित हुन पुगेका नागरिकहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, युवा लक्षित रोजगार कार्यक्रम लागू गर्नुपर्ने लगायतका मागहरू प्रस्तुत गरिएको छ ।

## अखिल (क्रान्तिकारी) कैलालीको प्रथम भेला सम्पन्न

कैलाली । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) कैलाली जिल्लाको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । भेलाले पुष्कर जोशीको संयोजकत्वमा १९ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ । भेलाले उक्त कमिटिका सदस्यहरूमा विरेन्द्र जोशी, सृष्टी राना, रममति राना, यशोदा कपाडी, कृष्ण बिष्ट, काशी भण्डारी, धन बहादुर बोहरा, कृष्ण तामाङ, रोसन ऐर, हर्केश बुढा, महेश रोकाया, नवीन धामी, बिध्या राना, महेश जोशी, चूँडामणि जोशीलगायत रहेका छन् । भेलाले पछि ३ सदस्य थप गर्ने निर्णय गरेको छ ।

क्रान्तिकारी माओवादीका पिविएम तथा ७ नं. प्रदेश सचिव मानसिंहको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाको अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा कैलाली इन्चार्ज केशव साउदले अध्यक्षता गरेका थिए । भेलामा अखिल क्रान्तिकारी ७ नं. प्रदेश संयोजक रामबहादुर महरा, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य क्षितिज, क्रान्तिकारी माओवादी कैलाली जिल्ला सेक्रेटरी रुद्र कँडेल, अछाम जिल्ला सेक्रेटरी कैलाश, कैलाली जिल्ला सदस्य टंक कोइराला लगायतका नेताहरू अतिथिको रूपमा उपस्थित रहेका थिए । पुष्करराज जोशीले सञ्चालन गरेको उक्त भेलामा रोहित महराले स्वागत मन्तव्य राखेका थिए ।

भेलालाई प्रमुख अतिथि मानसिंह, विशिष्ट अतिथि तथा विध्यार्थी नेता राम बहादुर महरा' चिन्तक', अतिथि तथा पार्टी केस क्षितिजलगायतले सम्बोधन गरेका थिए ।

# अनेरास्ववियु (क्रान्तिकारी)को उपत्यका जिल्ला सम्मेलन सम्पन्न

काठमाडौं । अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) उपत्यका जिल्लाको सम्मेलन शुक्रवार बालाजुस्थित इञ्जिनियरिङ कलेजमा भव्य रूपमा सम्पन्न भएको छ । सीटीईभीटी अन्तर्गत रहेका अध्ययन संस्थानहरूलाई अखिल (क्रान्तिकारी)ले उपत्यका जिल्लाका रूपमा समावेश गरेको छ ।

जिल्ला सम्मेलनले दिनेश गिरीको नेतृत्वमा २१ सदस्यीय समिति गठन गरेको छ । उक्त सम्मेलनका अवसरमा कालीकोट जिल्लाका नेपाल विद्यार्थी संघका जिल्ला सभापति नहकुल खड्का अखिल (क्रान्तिकारी) मा प्रवेश गरेका थिए । सम्मेलनमा उपस्थित सैयौं विद्यार्थीहरूले गडगडाहट तालीद्वारा नवप्रवेशी खड्काको स्वागत गरेका थिए ।

संगठनका केन्द्रीय अध्यक्ष सेवन्तराज भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सम्मेलन कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का ३ नम्बर प्रदेश सेक्रटरी दिनेश शर्माको विशेष उपस्थिति थियो । साथै, केन्द्रीय कोषाध्यक्ष शिलु न्यौपाने र प्रदेश संयोजक पेशल दाहालको पनि अतिथिका रूपमा उपस्थिति थियो ।

## नेकपा विप्लवबाट...

प्रवेश गरेका छन् । प्राप्त समाचार अनुसार अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेलाको उद्घाटन सत्रको अवसर पारेर उनीहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेका हुन् । यसरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने जिल्ला नेताहरूमा नेकपा (विप्लव) रामेछापका जिल्ला सचिवालय सदस्य स्वरूपसिंह मोक्तान र जिल्ला सदस्य जितमान घतानी रहेका छन् । उनीहरूलाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले खादा लगाएर पार्टीमा स्वागत गरेका थिए ।

करिब तीन दशकदेखि कम्युनिष्ट आन्दोलनमा क्रियाशील रहँदै आएका स्वरूपसिंह मोक्तानसँग वर्गदृष्टिले नेकपा (विप्लव)बाट विद्रोह गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुको कारण बुझ्दा मोक्तानले भने, "विप्लवले बुढाहरूले क्रान्ति गर्दैनन्, क्रान्ति गर्ने हो भन्दै पार्टी फुटाएका थिए । क्रान्ति हुन्छ भन्ने विश्वास बोकेर लामो समय बसियो । तर क्रान्तिको तयारी भन्दा पनि सबै नेता कार्यकर्ता पैसा कसरी जम्मा गर्ने भन्नेतिर मरिहत्ते गरेको देखियो । पार्टीभित्र क्रान्तिकारी पार्टी कसरी निर्माण गर्ने, क्रान्तिको तयारी कसरी गर्ने भन्ने विषयमा छलफलै हुन छाड्यो । हेर्दा हेर्दै नेता कार्यकर्ताहरूले पैसाका लागि गुण्डा शैली अपनाउन थाले । पार्टीभित्र कम्युनिष्ट पार्टीको कुनै चरित्र नै देखिएन । आर्थिक अनियमितता, हिनामिना र अपारदर्शिता यति धेरै छ कि पार्टीका सबै तहका सबै नेताहरू त्यसमा चुर्लुम्म डुबेका छन् । आर्थिक स्रोत संस्थागत छैन । यो सबै देखेर मलाई हृदयदेखि नै घृणा जागेर आयो । यस्तो पार्टीले क्रान्तिको कुरा गर्नु भनेको भ्रमित पार्नु र धोका दिनु मात्रै हो । यस्तो पार्टी कम्युनिष्ट पार्टी नै हुन सक्दैन । गहिरिएर र घोत्लिएर हेर्दा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नै मलाई वास्तविक क्रान्तिकारी कम्युनिष्ट पार्टी लाग्यो । कम्युनिष्ट पार्टीको एउटा विचार, आदर्श, सर्वहारावर्गको राज्यसत्ता स्थापना गर्ने लक्ष्य उद्देश्य बोकेर कुनै छलछाम नगरी अगाडि बढिरेको छ । त्यसैले पनि मैले विप्लव पार्टी परित्याग गरेर क्रान्तिकारी माओवादीमा प्रवेश गरेको हुँ । म ठोकुवा गरेर भन्छु- नेपालको अहिलेको सिंगो कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी माओवादी नै एक मात्र नेपालमा क्रान्ति गर्ने, कम्युनिष्ट आचरण र व्यवहार तथा नैतिकता र आदर्श बोकेको पार्टी हो । यो पार्टीको सदस्य हुन पाएकोमा मलाई हृदयदेखि नै गर्व छ ।" मोक्तान नेकपा विप्लव निकट नेपाल राष्ट्रिय तामाङ मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्षसमेत रहेका थिए ।

## क्रान्तिकारी माओवादी...

चौथो जिल्ला सम्मेलनले पार्टीको जिल्ला सेक्रेटरीमा विक्रान्तलाई निर्वाचित गरेको छ । शुक्रबार सम्पन्न सम्मेलनले विक्रान्तको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको हो ।

क्रान्तिकारी माओवादीका पिविएम तथा ७ नं. प्रदेश सचिव मानसिंहको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनले बलात्कार गरी हत्या गरिएकी निर्मला पन्तका हत्यारालाई लामो समय वितिसक्दा पनि सार्वजनिक नगरेकाले पीडितलाई चाँडोभन्दा चाँडो हत्याराहरूलाई कारबाहीको दायरामा ल्याई पीडितलाई न्याय दिन जोडदार माग गरेको छ । सम्मेलनले गरेका निर्णयहरूलाई सार्वजनिक गर्न नवनिर्वाचित सेक्रेटरी विक्रान्तद्वारा शनिबार जारी गरिएको वक्तव्यमा सम्मेलन सफल पार्न प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दै जनताका समस्याहरू समाधान गर्न जस्तोसुकै आपत विपतमा पनि पार्टी संघर्षका निमित प्रतिबद्ध रहने प्रतिबद्धता जाहेर गरिएको छ ।

विक्रान्तको अध्यक्षता, चिन्तकको सञ्चालन र शितलको स्वागत मन्तव्यमा सम्पन्न सम्मेलनमा पार्टी केस तथा कञ्चनपुर जिल्ला इन्चार्ज क्षितिजको समेत आतिथ्यता रहेको थियो ।

## मुलुकी संहिताका...

प्रावधानहरूको खारेजीको माग गर्दै विरोध प्रदर्शन गरिएको छ । मुखमा कालो पट्टी बाँधेर र प्रेस तथा स्वतन्त्रताको पक्षमा लेखिएका प्लेकार्डसहित गरिएको विरोध प्रदर्शनमा अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंहलगायत जनपक्षीय पत्रकार, लेखक, कवि, साहित्यकार, बुद्धिजीवी, प्राध्यापक, कलाकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

१ बजेदेखि २ बजेसम्म एक घण्टासम्म गरिएको विरोध प्रदर्शनमा विभिन्न मिडियामा आबद्ध सञ्चारकर्मीहरूको समेत राम्रो उपस्थिति रहेको थियो । विरोध प्रदर्शनमा ' प्रेस स्वतन्त्रताको रक्षा गर, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी मुलुकी संहिताभित्रका प्रावधानहरू खारेज गर, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी गर, विद्युतीय कारोबार ऐन लगाएर पत्रकारलाई हत्कडी लगाउने कार्य बन्द गर, पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेन्टी गर' लगायतका मागहरू लेखिएका प्लेकार्ड प्रदर्शन गरिएको थियो ।

विरोध प्रदर्शनको अन्त्यमा आयोजक संगठनहरूको तर्फबाट धन्यवाद ज्ञापन गर्दै अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने गरी ल्याइएका मुलुकी संहिताभित्रका प्रावधानहरूलाई खारेज नगरेसम्म पत्रकार, लेखक, साहित्यकार, कवि, कलाकार, बुद्धिजीवी, प्राध्यापकहरूको विरोध जारी रहने बताए ।

## जातीय...

जनवादी क्रान्तिद्वारा मात्र जनवादी राज्यसत्ताको स्थापनासँगै जातीय तथा क्षेत्रीय पहिचानसहितका प्रदेशहरू तथा स्वायत्त क्षेत्रहरू स्थापना सम्भव छ ।"

क्रान्तिको उद्देश्य पुरानो राज्यसत्ताको पूर्णतः अन्त्य र नयाँ राज्य व्यवस्थाको स्थापना गर्नु नै रहेका भन्दै महासचिव किरणले अहिले घुमीफिरी रुम्जाटारमा आएजस्तो उही संसदीय व्यवस्था नै पुनर्स्थापना भएकाले फेरि अर्को संघर्षको तयारी गर्नुपर्ने बताएका थिए । उनले भने, "नेपालको सन्दर्भमा नयाँ जनवादी क्रान्ति भनेको केवल वर्गीय क्रान्ति मात्र होइन भन्दै यो जातीय तथा क्षेत्रीय उत्पीडनबाट पनि मुक्तिको क्रान्ति हो ।"

नेपालमा वर्गमात्र भनेर हुँदैन भन्दै यहाँ उत्पीडित जाति, क्षेत्र र वर्गका कुरा एकैसाथ लानुपर्ने कुरामा जोड दिएका थिए । "नेपालको क्रान्ति भनेको एकैसाथ राजनीतिक, भाषिक, सामाजिक, सांस्कृतिक तथा वैचारिक क्रान्ति हो ।" उनले भने, "जातीय उत्पीडनबाट मुक्तिका कुरा गर्दा वर्गीय मुक्तिका कुरा बिर्सने र वर्गीय मुक्तिका कुरा गर्दा जातीय उत्पीडनका कुरा विर्सने समस्याबाट क्रान्तिकारीहरू मुक्त हुनुपर्छ ।" नेपालको सन्दर्भमा जातीय मुक्तिका कुरालाई भूरेटाकुरे राजारजौटा देख्ने व्राह्मणवादी चिन्तन र व्राह्मणवादको विरोध गर्दा साम्राज्यवादी तथा विस्तारवादको विरोध गर्न हुँदैन भन्ने चिन्तन दुवै निकै घातक रहेको उनले बताएका थिए । नेपालको सन्दर्भमा आन्तरिक तथा बाह्य राष्ट्रियतालाई निकै गहिराइका साथ बुझिनु पर्ने कुरामा पनि उनले जोड दिएका थिए ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले वर्गीय मुक्ति नभएसम्म जातीय मुक्ति असम्भव भएकोले वर्गीय र जातीय आन्दोलनलाई पुरक बनाएर लैजानुपर्ने धारणा राखेका थिए ।

पिविएम तथा मोर्चाका फ्र्याक्सन इन्चार्ज सीताराम तामाङले तामाङ निकै पुरानो जाति भएको र यसको पहिचान कसैले पनि मेटाउन नसक्ने दावी गर्दै हामी जातीय आत्मनिर्णयको अधिकारसहित स्वशासन चाहन्छौं भन्ने कुरामा जोड दिएका थिए । आदिवासी जनजाति महासंघका महासचिव नागेन्द्र राईले उत्साहित हुँदै यसरी जनजातिहरू एकपछि अर्को गरेर भेलाहुँदै र एकताबद्ध हुँदै गयौं भने नेपालमा क्रान्ति संभव छ भन्ने धारणा राखेका थिए ।

त्यसैगरी नेवा मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले ताम्सालिङको सपना हामी सबैको सपना हो भन्दै जनजातिहरूको तर्फबाट ऐक्यवद्धता जनाएका थिए ।

उद्घाटन कार्यक्रममा अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सहसंयोजक दण्डवीर तामाङ, अनेमसंघकी अध्यक्ष लक्ष्मी मुडभरी, अनेशिसंका महासचिव टंकराम अधिकारीलगायतका जनवर्गीय संगठनका पदाधिकारीहरूले शुभकामना मन्तव्य दिएका थिए ।

उद्घाटन कार्यक्रमका बीचबीचमा तामाङ सेलो नृत्य तथा स्वागत गीतहरूले कार्यक्रममा निकै रौनकता थपेको थियो । क्रान्तिकारी माओवादीका पिविएम तथा ३ नं. प्रदेश सचिव दीनेश शर्मा, केस कान्छाराम तामाङ, सुरेश श्रेष्ठ, हरिकृष्ण गजुरेल, सोनाम तामाङ, गणेश खड्गी, अमीर महर्जनलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी युवा...

छन् । तीन महिनाभित्र माग पूरा नगरिए सरकारका विरुद्ध संघर्ष चर्काउने समेत उनीहरूले चेतावानी दिएका छन् ।

प्राप्त जानकारी अनुसार क्रान्तिकारी युवाहरूको ज्ञापन पत्र बुझ्दै मुख्य मन्त्री पौडेलले मागहरू जायज रहेकोले सकेसम्म पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भने, 'केन्द्रीय सरकारले कानुन नबनाएको हुनाले हामीहरू बन्धनमा छौं र अन्यौलमा परेका छौं, कर्मचारीहरू विन्यास गरेर पठाइसकेको पनि छैन, जनताको सरकार हो, तपाईहरूका माग जायज छन्, पूरा गर्न सकेको प्रयास गर्छु ।'

युवाहरूका विभिन्न मागहरूलाई १० बुँदामा प्रस्तुत गरिएको ज्ञापन पत्रमा प्रदेशभरि बेरोजगार अवस्थामा रहेका युवाहरूको तथ्यांक संकलन गरी रोजगारी दिनुपर्ने, नभए बेरोजगार भत्ताको व्यवस्था गर्नुपर्ने, बैदेशिक रोजगारीमा जाने युवाहरूलाई निरुत्साहित गर्ने कार्यक्रम ल्याउनुपर्ने, बैदेशिक रोजगारीमा गएका युवाहरूको विमा शुल्क ३५ लाख पुऱ्याउनुपर्ने, भ्रष्ट, सामन्त, तस्करहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने, शिक्षा र स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यले लिनुपर्ने, बढ्दो महंगी र कालोबजारी नियन्त्रण गर्नुपर्ने, समाजिक रूपमा बढ्दो असुरक्षा, हत्या, हिंसा र बलात्कारका घटना घट्ने स्थितिको अन्त्य गरिनुपर्ने लगायतका मागहरू राखिएको छ । 'बेरोजगार युवाहरूलाई रोजगारी दे, नभए बेरोजगार भत्ता दे' भन्ने मूल नाराका साथ बुझाएको ज्ञापन पत्रसँगै क्रान्तिकारी युवा लिगले प्रदेशभरिका १५ हजार युवाहरूको हस्ताक्षर समेत बुझाएको छ ।

मार्चपाससहित हेटौडाको बुद्धचोकदेखि मुख्यमन्त्रीको कार्यालयसम्म पुगेको युवाहरूको विरोध ऱ्याली ज्ञापन पत्र बुझाएर स्थानीय मानस चोकमा आई कोणसभामा परिणत भएको थियो । लिगका ३ नं. प्रदेश संयोजक ढलकोटीले सञ्चालन गरेको कोणसभालाई क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, लिगका ३ नं. प्रदेशका फ्र्याक्सन इन्चार्ज तथा पार्टी केस बसन्त बोगटी र केस हरिकृष्ण गजुरेलले सम्बोधन गरेका थिए ।

यसअघि क्रान्तिकारी युवा लिगले १, २ र ५ नं. प्रदेशमा युवामार्चपास सहित ज्ञापन पत्र बुझाइसकेको छ भने बाँकी प्रदेशमा पनि ज्ञापन पत्र बुझाउने तयारी गरिरहेको छ ।

## क्रान्तिकारी माओवादीद्वारा...

नातिनी, ५ पनाती, १ पनातिनी छन् । उहाँ क्रान्तिकारी माओवादीको समर्थक तथा शुभचिन्तक हुनुहुन्थ्यो ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)ले एक श्रद्धाञ्जली वक्तव्य जारी गरी दिवंगत विद्यादेवी भण्डारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी महासचिव मोहन वैद्य'किरण'द्वारा शनिबार जारी गरिएको वक्तव्यमा पार्टी समर्थक तथा शुभचिन्तक विद्यादेवी सुवेदीको निधनप्रति दुःख व्यक्त गर्दै उहाँको निधनबाट शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदन प्रकट गरिएको छ ।

वक्तव्यमा भनिएको छ, '२०७५ असोज ५ गते बेलुकी ६ : ४३ मा चिवन भरतपुर निवासी विद्यादेवी सुवेदीको ८२ बर्षको उमेरमा निधन भयो । उहाँको वि.सं. १९९३ मा भएको थियो । उहाँ हाम्रो पार्टी पिविएम क.चन्द्रहरि सुवेदीकी आमा हुनुहुन्थ्यो । उहाँका तीन छोरा तीन बुहारी, दुई छोरी दुई ज्वाइँ, ७ नाती, ३ नातिनी, ५ पनाती, १ पनातिनी छन् । उहाँ हाम्रो पार्टीको समर्थक तथा शुभचिन्तक हुनुहुन्थ्यो । उहाँको निधन भएकोमा हामी निकै दुखित् छौं । पार्टी समर्थक तथा शुभचिन्तक विद्यादेवी सुवेदीको निधन भएको यस दुखद् खडीमा हाम्रो उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, पार्टी उहाँको यस दुखद् निधनबाट शोकसन्तप्त सम्पूर्ण परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।'

## संयुक्त महिला...

भएको उक्त विरोध ऱ्याली बबरमहल, बिजुलीबजार हुँदै नयाँ बानेश्वरमा आएर कोणसभामा परिणत भएको थियो ।

जुलुसमा महिला हिंसा बन्द गर, निर्मला पन्तको वास्तविक बलात्कारी हत्यारालाई कारवाही गर, श्रृंखलावद्ध बलात्कार हत्या, हिंसा नियन्त्रण गर, महिलाहरूको पक्षमा भएका कानुनहरू कार्यान्वयन गर, महिला आन्दोलन जारी छ, महिला एकता जिन्दावाद, रौतहटमा भएको एसिड आक्रमणको दोषीलाई कारवाही गर, लक्ष्मी नेपालीको हत्यारालाई कारवाही गर, महिला माथि हुने सबै खाले हिंसाको अन्त्य गर, प्रधानमन्त्री जोकमा जनता सबै सोकमा लगायतका नाराहरू लगाएका थिए ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की अध्यक्ष लक्ष्मी मुडभरीले सञ्चालन गरेको कोणसभालाई मसाल, नयाँ शक्ति, नेकपा (विप्लव) र नेकपा (माले) निकट महिला संगठनका नेतृहरूले सम्बोधन गरेका थिए ।

# चीन-अमेरिकाबीच व्यापार युद्ध सैन्य रंगमञ्चतिर सोभिँदै

*हाल प्रस्ट रूपमा दुई र पर्दाभित्र बहुध्रुवीय रहेको विश्वमा अमेरिकाको वर्चश्व घट्दै गएको छ । यसले निर्माण गरेको सैन्य शक्ति नेटो पनि काम लाग्ने अवस्थामा छैन । त्यसैले ट्रम्प आफ्नो शक्ति देखाउन 'स्टार वार' वा 'स्पेस वार'का कुरा गरिरहेका हुन सक्छन् । अमेरिका विश्वमा सबैभन्दा झुठो दाबी गर्ने राष्ट्र पनि हो*



काठमाडौँ । अमेरिकाले चिनियाँ सेनामाथि प्रतिबन्ध लगाएको घोषणा गरेको छ । चिनियाँ सेनाले मस्कोबाट अत्याधुनिक हातहतियारहरू किन्ने भनी निर्णय गरे लगत्तै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त घोषणा गरेका हुन् । अमेरिकाको यो घोषणापछि चीन-अमेरिकाको व्यापार युद्ध अब व्यापारिक सीमारेखा नाघेर सैन्य रंगमञ्चमा प्रवेश गरेको छ ।

अमेरिकी राष्ट्रपति निर्वाचनमा रुसले हस्क्षेप गरेको भनी व्यापक रूपमा कुरा उठेर छानबिनको प्रक्रियामा प्रवेश गरेपछि ट्रम्पले रुसमाथि कडा व्यवहार अपनाउँदै आएका थिए । उनले रुसमाथि एक्लै प्रतिबन्धको घोषणा पनि गरेका छन् । यसमा अमेरिकाको साझेदार भनिएको युरोपीय युनियनको समर्थन पनि छैन ।

रुसमाथि प्रतिबन्ध घोषणामा ट्रम्पका कतिपय बाध्यताहरू पनि छन् । किनभने उनलाई पुटिनले जिताएको भनी अमेरिकामा जनस्तरमा नै व्यापक आलोचना भइरहेको छ । यो आलोचनाबाट जोगिन पनि ट्रम्पले यो बाहना नझिकी पनि हुँदैन । यही सन्दर्भमा हालै आएर चिनियाँ जनमुक्ति सेनाले रुसबाट शोयुज फाइटर तथा बम्बर विमान किन्ने निर्णय गरेको छ । यसका साथै एस्-४०० मिसाइल पनि किन्ने निर्णय लिएको छ । शोयुज फाइटर तथा एस्-४०० मिसाइल अन्तर महादेशीय निशाना मार लगाउन सक्ने शक्ति भएका अस्त्र मानिन्छन् ।

हाल प्रस्ट रूपमा दुई र पर्दाभित्र बहुध्रुवीय रहेको विश्वमा अमेरिकाको वर्चश्व घट्दै गएको छ । यसले निर्माण गरेको सैन्य शक्ति नेटो पनि काम लाग्ने अवस्थामा छैन । त्यसैले ट्रम्प आफ्नो शक्ति देखाउन 'स्टार वार' वा 'स्पेस वार'का कुरा गरिरहेका हुन सक्छन् । अमेरिका विश्वमा सबैभन्दा झुठो दाबी गर्ने राष्ट्र पनि हो ।

## आगोसँग नजिस्कन रूस-चीनको चेतावनी

अमेरिकाले चीन र चिनियाँ सैनिकका नाममा गरेको नाकाबन्दी रुसी नाकाबन्दीको विषयसँग जोडेर गरिएको हो । तर यो नाकाबन्दी चीनका लागि भने पहिलो पटक हो । चीनलाई लक्षित गरी पहिलो पटक यसरी अमेरिकाले नाकाबन्दी लगाएपछि चीनले अमेरिकालाई आगोसँग नजिस्कन शुक्रवार चेतावनी पनि दिएको छ । यदि यो चेतावनीको बेवास्ता गरेमा अमेरिकाले यसको परिणाम भोग्नु पर्ने पनि बताइएको छ ।



पुटिनका प्रवक्ताका अनुसार अमेरिकाले रुसविरुद्ध नराम्रो खेल खेलिरहेको र मस्कोलाई विश्व बजारबाट निकाल्ने प्रयत्न गरिरहेको छ । अमेरिकाले चीनमाथि नाकाबन्दीको घोषणा गरेर स्वयम् अमेरिकाकै चुनौतीको दायरालाई फराकिलो पारेको खुलासा समेत् गरिएको छ । रसियाबाट चीनले युद्धक विमान तथा मिसाइलहरू किन्ने निर्णय गर्नु सामान्य कुरा रहेको पनि बताइएको छ ।

क्रेमलिन प्रवक्ता मिमित्री पेस्कोभका अनुसार यस्तो खाले अस्वस्थ, बेइमान, गैरबजारीया प्रयास र इखको भावनाले अमेरिका विश्व बजारबाट आफ्ना प्रमुख प्रतिस्पर्धीहरूलाई निकाल्ने र एकछत्र बजारलाई कायम गर्ने दिशातिर उन्मुख भइरहेको छ । यसले अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन गरेको छ । अमेरिकाले बहुलट्ठीपनका आधारमा नाकाबन्दी बढाउँदै लगेको कुरा स्वीकार गर्दै पेस्कोभले रसियाले यसका विरुद्धमा के र कस्तो योजना अघि सार्छ भन्ने कुरा भने बोलेका छैनन् ।

विहीवार चिनियाँ सेनाले रुसबाट शुखोइ सु-३५ युद्धक विमान र एस्-४०० जमीनबाट आकाशमा मार गर्ने क्षेप्यास्त्र किन्ने निर्णय गरेपछि अमेरिका व्यापार युद्धबाट हातहतियार किनबेचको सैन्य रंगमञ्चतिर प्रवेश गरेको हो । यसले अमेरिका उसको प्रतिद्वन्दी रसियासँग सम्बन्ध राख्ने देशहरूमाथि जाइ लाग्ने संकेत देखाएको छ ।

अमेरिकाको यो नाकाबन्दी घोषणापछि चीनले भनेको छ कि त अमेरिकाले यो नाकाबन्दी फिर्ता गरोस्, कि त कि यसको परिणाम भोग्न तयार होस् । चीनले पनि अमेरिकाको यो कार्यले अन्तर्राष्ट्रिय कानुन निकै उल्लंघन गरेको र चीन-रसियाबीचको दुई देशीय सम्बन्धबीच खलल पुर्‍याउन खोजेको भन्दै चिनियाँ प्रवक्ता शुआङले अमेरिकाले उसको यो तथाकथित 'नाकाबन्दी' गल्ती कमजोरी छिट्टै सच्याएर फिर्ता गरोस्, होइन भने यसको परिणाम भोग्न ऊ तयार रहनै पर्छ ।

चीनले त यहाँसम्म पनि भनेको छ कि विश्वमा अमेरिकाको एकलौटी दादागिरी तोड्न रुस-चीनका बीचमा एक ठूलो सैन्य अभ्यास पनि गरिएको छ, जसले चीन-रुसका बीचमा सम्बन्ध घनिष्ठ बनाएको छ ।

रसियाले अमेरिकाप्रतिको आफूहरूको परनिर्भरता छिट्टै अन्त्य गर्ने गरी अमेरिकी डलरका विरुद्धमा विकल्प खोजिएको पनि बताएको छ । अमेरिकाको आगोसँग जिस्कने कार्य एक सिल्लीले गर्ने काम भएको भन्दै यसको संभावित खतराप्रति ध्यान दिन पनि चेतावनी दिइएको छ । यस्ता अर्थ न बर्थका महत्वहीन नाकाबन्दीहरू (अमेरिकाले रुसमाथि सन् २०११ बाट लगाएको) सबै गन्ने हो भने ६० पटक भइसकेको छ । गत वर्षमात्र रसियाले १४ बिलियन डलर बराबरको हातहतियार बेचेको थियो । कुरा त के पनि भएको छ भने नेटोको सदस्य राष्ट्र टर्कीले रुससँग एस्-४०० जमिनबाट आकाशमा मार हान्ने मिसाइल किन्ने कुरा पनि गरिरहेको छ ।

हाल चीनले ६० बिलियन डलर बराबरको अमेरिकी सामानमा र रुसले २०० बिलियन डलर बराबरको अमेरिकी सामानमा व्यापार कर लाउने तयारी गरिरहेका छन् ।

# प्योङयाङ वार्ताको सन्देश जनस्तरसम्म

काठमाडौं । उत्तर तथा दक्षिण कोरियाका जनतामा पछिल्लो चरणको प्योङयाङ वार्तापछि केही आशा पलाएको देखिएको छ । अहिलेको वार्तामा केही बाह्य प्रभाव र नजानिंदो हस्तक्षेप त छ नै, तथापि बाह्य शक्तिका प्रतिनिधिहरूको प्रत्यक्ष भौतिक उपस्थितिरहित वातावरणमा खुल्लमखुल्ला बहस गर्ने मौका पाए । यो वार्तामा उत्तर तथा दक्षिण कोरियाली जनताले केही निकटता र आत्मीयताको न्यानो अनुभूति पनि गनै पाए ।



प्योङयाङ वार्तामा दक्षिण कोरियाली नेता मुन र उत्तर कोरियाली नेता उन हात मिलाएर एकापसमा अंकमाल मात्र गरेनन्, उनीहरूले कोरियाली प्रायद्वीपको एकताको कुरा पनि गरे । यस विषयमा शायद उनीहरूले दुईवटा कुरा निकै ख्याल गरे । एउटा जापान र जापानी साम्राज्यवादी सोच र त्यसको व्यवहारिक अभिव्यक्तिको तीतो अनुभूति र अर्को, अमेरिकी स्वार्थ र त्यो स्वार्थको निरन्तर सिकारमा परेको कोरियाली प्रायद्वीप ।

यी दुवै व्यवहार र अनुभूति उत्तर होस् वा दक्षिण होस्, दुवै कोरियाली नेता तथा जनताका लागि साझा विषयहरू हुन् । तर यसको कोरियाली जनताका माझमा परेको प्रभावलाई समान्यीकरण गर्न सक्नु पर्दछ । र, त्यसको आम कोरियाली जनताको स्वामित्वका रूपमा विकास गरिनु पर्दछ । ट्रम्प र किमको भेटपछि अमेरिकी विदेश मन्त्री माइक पम्पेओ निस्शस्त्रीकरण वार्ता गर्न प्योङयाङ पुगेका बेला वार्तामा 'ग्याङस्टर' जस्तो व्यवहार गरेको उत्तर कोरियाले बताएको थियो । यो व्यवहार दक्षिणले दशकौंदेखि भोग्दै पनि आएको छ ।

अहिले अर्को कुरा के पनि भएको छ भने उत्तर कोरियाली र दक्षिण कोरियालीको भेटघाट जनस्तरमा सम्पन्न भएको छ । दक्षिण कोरियाली नेता मुनलाई एक लाख पचास हजार भन्दा बढी उत्तर कोरियाली जनताले सहभागी भएरै स्वागत गरे । दुवै नेताहरूले एकता गरी नयाँ पितृभूमि बनाउने वाचा पनि जाहेर गरे । उत्तरकोरियालीले मुनको प्रत्यक्ष हाउभाउसहितको भाषण सुने । दुई देशका जनताको आपसी मेलमिलापउन्मुख भाव देखेर अमेरिकाले पनि आफू खुशी भएको स्वाङ पार्‍यो ।

उसले उत्तर केरियाली प्रतिनिधिहरूलाई अमेरिकामा फेरि भेटवार्ताका लागि आमन्त्रण पनि गर्‍यो, सन्देश पठाएर । न्युयोर्कको निमन्त्रणा उत्तर कोरियाले पनि स्वीकार गर्‍यो । यो कोरियाली प्रायद्वीपमा भइरहेको कोरियाली जनताको एकाता गर्ने मनोभावको अमेरिकामाथि परेको जबर्जस्त प्रभाव हो ।

संभावनाका क्षितिजहरूलाई हेर्दा त यस्तो पनि देखिएको छ कि पहिले उत्तर तथा दक्षिण कोरिया वार्ता अमेरिका पुगेर गरिनु पर्ने अवस्थाको अब विस्तारै अन्त्य हुने छाँट देखिएको छ । उत्तर तथा दक्षिण कोरिया आफैमा सहमति गरी सोमवार प्योङयाङ वार्तामा बसेका हुन् । चिनियाँ र अमेरिकी खेमाबन्दीको कारण छुट्टिएपछि यी दुई देशहरूबीच लामो शीत युद्ध चलि नै रह्यो । आश्चर्यको कुरा त के पनि भयो भने अमेरिका र रसियाबीचको वैचारिक शीतयुद्ध सेलायो, तर यो भूगोल विभाजनको शीतयुद्ध हालसम्म पनि कायमै रहिराख्यो ।

# संभव होला इमरान खानको मितव्ययी शासन ?



काठमाडौं । पाकिस्तानकाप्रधानमन्त्री इमरान खान मितव्ययिताको कुरालाई प्राथमिकतामा राखेर आफ्नो कार्य सम्पादनमा लागेका छन् । भ्रष्टाचारमुक्त समाजको निर्माण उनको परिकल्पना हो । यसैलाई उनले हरेक पक्षहरूमा अपनाउन निर्देशन पनि गर्दै आएका छन् ।

तथापि बजेटको अभावसंग जुधिरहेको पाकिस्तानी सरकार खानको यो कठिनाइपूर्ण बाटोमा कसरी अघि बढ्न सक्ला ? यो चर्चाको विषय भएको छ । खानको सरकारले उद्देश्य प्राप्तिका लागि सबै भन्दा पहिले आफू र आफ्ना सेवा र सुविधा कटौतीमा लागेको छ । पाकिस्तानमा चर्चामा रहेको विषय हो प्रधानमन्त्री कार्यालयमा रहेका बिलासी सवारी साधनहरू बिक्रि गरिइँदै छन्, बजेट निर्माणका लागि । यसका लागि सबैभन्दा पहिले प्रधानमन्त्री कार्यालयमा रहेका कार र हेलिकप्टरहरू बेच्ने तयारीमा देखिन्छन् ।

यसका लागि खरिदकर्ताको ध्यान आकर्षण गर्न पनि प्रचारमा जोड दिइएको पनि छ । कार्यालयबाट बेचिन लागेका सामानहरूमा बुलेटप्रुफ कार र हेलिकप्टरहरू रहेका छन् । केहीले यी सामान खरिदका लागि बार्गेनिङ पनि गरिरहेका छन् । तर उनले बेच्न लागेका गाडी तथा हेलिकप्टरमा नै उनका कर्मचारीहरू कमिसनको चक्करमा लागेका छन् । भनेको जति मूल्य नै नपर्ने भएको छ ।

प्रधानमन्त्री खानले लिलामीबाट डेढ करोड डलर आउने आसा गरेका छन् । तर हालसम्म केही सामानहरूको बिक्रिबाट ६ लाख डलर भने उठिसकेको बताइएको छ । ऋण संकट र ऋण मोचनका लागि पाकिस्तानी सरकार लिलामी गर्न र बेच्न सकिने भएजतिका सरकारी स्वामित्वका सामानहरू बेच्ने लिस्ट तयार पारिरहेको छ । तयार पारिएका लिस्टहरूमा चारवटा हेलिकप्टरदेखि आठवटा भैसीसम्म रहेको बताइएको छ ।

यी त भए सेवासुविधा त्यागका कुरा । तर खानले यदि साच्चै नै यसरी सोचेका हुन् भने देशभर रहेको प्राकृतिक स्रोतसाधनको समुचित बाँडफाँड र ती सबैको सही सदुपयोग, आम जनतामा विश्वास र स्वयम् जनताको नै निर्माण कार्यमा आफूखुशी सहभागिता र जनताबाटै लगानीको बातावरण बनाउन सक्नुपर्दछ ।

यसो भएमा उनले सोचेको मितव्ययी शासनको सुरुआत गर्न सकिन्छ होला । तर भ्रष्ट कर्मचारी संयन्त्र र माफियाहरूको सञ्जालले उनलाई साथ देला ?

# अखिल (क्रान्तिकारी)को झापा र सुनसरीको भेला सम्पन्न

इटहरी । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले ९ र १० असोजमा हुने विशेष राष्ट्रिय भेलालाई लक्षित गरी झापा र सुनसरीमा भेला सम्पन्न गरेको छ । संगठनकी सचिव तथा १ नं. प्रदेश संयोजक ज्ञानु खतिवडाले दिएको जानकारी अनुसार झापामा ५ गते र सुनसरीमा ६ गते असोजमा संगठनको जिल्ला भेला सम्पन्न भएको छ । भेलाले झापामा निश्चल आचार्यको नेतृत्वमा १५ सदस्यीय र सुनसरीमा पासाङ तामाङको नेतृत्वमा १३ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ । खतिवडाका अनुसार संगठनको विशेष राष्ट्रिय भेलाको लागि १ नं. प्रदेशका जिल्लाहरूबाट सहभागी हुने प्रतिनिधि पर्यवेक्षकहरूको छनौट भइसकेको छ ।

# पिएन क्याम्पसमा अखिल (क्रान्तिकारी)को २५ सदस्यीय कमिटी गठन

● **राजेन्द्र सुवेदी**

पोखरा । पोखराको पिएन क्याम्पसमा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले युवराज दाहाल अध्यक्ष रहेको २५ सदस्यीय क्याम्पस मूल इकाई समिति निर्माण गरेको छ । ७ असोजमा गरिएको एक भेलाले उक्त कमिटि निर्माण गरेको हो । भेलामा संगठनका केन्द्रीय सचिव ललितजंग थापा, कास्की जिल्ला संयोजक सम्झना परियार लगायतको उपस्थिति रहेको थियो ।

# अक्टोबर क्रान्तिले नेपाली साहित्यमा पारेको प्रभाव

## (२०७५ असौज ५ गते प्रलेसद्वारा काठमाडौंमा आयोजित अन्तक्रिया कार्यक्रममा प्रस्तुत)

● **चैतन्य**

१. सन् १९१७ अक्टोबर २५ (नयाँ पात्रोअनुसार नोभेम्बर ७) मा मार्क्सवादको पथप्रर्शन, लेनिनको पहल र कम्युनिस्ट पार्टीको नेतृत्वमा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो । यसलाई मानव जातिको इतिहासमा नयाँ युगको नयाँ अध्यायको थालनीका रूपमा लिनु पर्दछ । महान् अक्टोबर समाजवादी क्रान्तिको ऐतिहासिक, सैद्धान्तिक र व्यावहारिक दृष्टिले युगान्तकारी महत्व रहेको छ । अहिले अक्टोबर क्रान्ति सम्पन्न भएको एक सय वर्ष पूरा भएको छ । महान् अक्टोबर क्रान्तिको शतवार्षिकीका सन्दर्भमा आयोजित यस समारोहमा प्रस्तुत यो अवधारणा पत्र मूलतः नेपाली साहित्यमा अक्टोबर क्रान्तिले पारेको प्रभावका विषयमा केन्द्रित रहेको छ ।

२. पश्चिमी देशहरूमा पुँजीवादी क्रान्तिको विकाससितै पुँजीपति वर्ग र सर्वहारा वर्ग बीचको अन्तरविरोध तीव्र बन्दै गयो । यसै क्रममा सामन्तवादका विरुद्धको सङ्घर्षमा प्रगतिशील भूमिका खेलेको पुँजीपति वर्गले प्रतिक्रियावादी स्वरूप ग्रहण गर्न थाल्यो । यसैक्रममा एकातिर मार्क्सवाद जन्मियो भने अर्कोतिर सर्वहारा वर्गले पुँजीपति वर्गका विरुद्ध क्रान्तिको उद्घोष गर्न पुग्यो । यो काम फ्रान्समा पेरिस कम्युनको स्थापनाका बीचबाट सशक्त रूपमा अगाडि बढ्यो । यद्यपि पेरिस कम्युन पराजित बन्यो, परन्तु पेरिस कम्युनले जुन मान्यता प्रस्तुत गऱ्यो त्यो महान् अक्टोबर क्रान्तिमा नयाँ ढङ्गले अभिव्यक्त भयो । अक्टोबर क्रान्तिको विश्वव्यापी रूपमा प्रभाव पऱ्यो । चीन, भारत लगायतका देशहरूमा कम्युनिस्ट पार्टीको स्थापना भयो र त्यसै क्रममा विभिन्न उत्पीडित देशहरूमा अक्टोबर क्रान्तिको आलोकमा समाजवादी तथा जनवादी क्रान्तिको प्रकरण अगाडि बढ्यो । चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो ।



३. रुसी अक्टोबर क्रान्ति एकातिर मार्क्सवादको पथप्रदर्शनमा सम्पन्न क्रान्ति थियो, भने अर्कोतिर त्यो मार्क्सवादको सफल प्रयोग पनि थियो । साथै मार्क्सवादको सफल प्रयोगका बीचबाट रुसमा त्यसप्रकारको सिद्धान्त मार्क्सवाद-लेनिनवादका रूपमा विकसित हुन पुग्यो । त्यसै क्रममा चीनमा मार्क्सवाद-लेनिनवादको प्रयोगका बीचबाट मार्क्सवाद-लेनिनवाद-माओवाद विकसित भयो ।

४. साहित्यिक रूपमा अक्टोबर क्रान्तिका मूलतः दुई पक्ष थिए- पहिलोः मार्क्सवादी सिद्धान्त, विश्वदृष्टिकोण तथा सौन्दर्यचिन्तन सम्बन्धी पक्ष र दोस्रोः साहित्यिक सिद्धान्त तथा सिर्जनात्मक विधिसम्बन्धी पक्ष । पहिलो पक्षका अनुसार अब साहित्य पुँजीवाद होइन, मार्क्सवादद्वारा पथप्रदर्शित बन्न पुग्यो । दोस्रो पक्षका अनुसार अब साहित्यमा पुरानो यथार्थवाद होइन नयाँ यथार्थवाद अर्थात् समाजवादी यथार्थवादले अग्रगामी भूमिका निर्वाह गर्न पुग्यो । रुसमा सन् १९३४ मा सम्पन्न सोभियत लेखकहरूको सम्मेलनमा अक्टोबर क्रान्तिको प्रक्रियामा विकसित साहित्यको नयाँ धारालाई समाजवादी यथार्थवाद भनेर नामाङ्कन गरियो । यसमा गोर्कीको महत्वपूर्ण भूमिका रहेको छ ।

५. अक्टोबर क्रान्तिपश्चात् दोस्रो विश्वयुद्धमा स्टालिनद्वारा प्रस्तुत अद्भूत पराक्रम, नाजिवाद-फासिवादको पराजय, चीन लगायतका देशहरूमा नयाँ जनवादी क्रान्तिको विजय, भारतमा विकसित तेलाङ्गाना सशस्त्र सङ्घर्ष तथा साम्राज्यवाद विरोधी आन्दोलन, नेपालमा राणाशासन विरोधी सङ्घर्षको प्रक्रिया विकसित भयो । त्यसै क्रममा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भयो । नेपालमा सैद्धान्तिक, राजनीतिक, साङ्गठनिक तथा सङ्घर्ष सम्बन्धी क्षेत्रमा मार्क्सवाद-लेनिनवाद र महान् अक्टोबर क्रान्तिको प्रभाव सशक्त रूपमा पर्न गयो । यो प्रभाव संस्कृति, कला, साहित्य र सौन्दर्यचिन्तनका क्षेत्रमा फैलँदै र विकसित हुँदै गयो ।

६. जुन वेला अक्टोबर क्रान्तिको नेपाली साहित्यमा प्रभाव पर्न थाल्यो त्यसको ठिक अघि तथा त्यस समयमा नेपाली साहित्यमा प्रगतिशील धाराका रूपमा स्वस्फूर्त यथार्थवाद, बुर्जुवा यथार्थवाद र आलोचनात्मक यथार्थवाद विद्यमान थिए । त्यस पश्चात् यहाँ समाजवादी यथार्थवादको प्रभाव पऱ्यो । साँचो भन्ने हो भने नेपाली साहित्य बुर्जुवा यथार्थवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादबाट झण्डै एकैचोटी प्रभावित हुन पुगेको पाइन्छ ।

७. नेपालमा कम्युनिस्ट पार्टीको स्थापनापश्चात् साहित्यको क्षेत्रमा अक्टोबर क्रान्तिको प्रभावका रूपमा समाजवादी यथार्थवाद अर्थात् प्रगतिवाद जसरी विकसित बन्दै गयो त्यसको ऐतिहासिक प्रक्रियालाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) पहिलो अवधि : यो सामान्यतः २००७ सालको आसपासदेखि २०१७ सालको आसपाससम्मको अवधि हो । यस अवधिमा २००८ मा श्यामप्रसाद शर्माको पहलमा प्रकाशित 'सेवा' साप्ताहिक पत्रिका, २००९ मा कृष्णचन्द्रसिंह प्रधानद्वारा रचित ' भञ्ज्याङनिरै' कविता सङ्ग्रह तथा त्यसको भूमिका, २००९ सालकै प्रगतिशील लेखक सङ्घको स्थापना एवम् त्यसैद्वारा २०१० सालमा 'प्रगति' मासिक पत्रिकाको प्रकाशन जस्ता उल्लेखनीय कार्य भए । यसैबीचमा मार्क्सवाद र समाजवादी यथार्थवादको आलोकमा प्रगतिवादी धारामा कविता, कथा, निबन्ध तथा समालोचनाका क्षेत्रमा एउटा नयाँ लहर आयो । साहित्यिक फाँटमा आएको उक्त लहरलाई २०१७ सालको फौजी काण्ड तथा त्यसै प्रकृयामा कम्युनिस्ट आन्दोलनमा पैदा भएको दक्षिणपन्थी विचलनले केही अवरुद्ध बनाइदियो ।

(ख) दोस्रो अवधि : यो अवधि मूलतः २०१७ को आसपास हुँदै २०४६ सालसम्म निरङ्कुश पञ्चायती शासनकालको अवधि हो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पैदा हुँदै आएको विवाद माओ विचारधारा तथा सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभाव, नेपाली कम्युनिस्ट आन्दोलनमा विकसित ध्रुवीकरण तथा एकीकरणको प्रक्रियाका बीचबाट यो अवधि विकसित भयो । निरङ्कुश पञ्चायती कालको मन्दीलाई चिर्ने काममा स्वदेश र भारतमा अध्ययनरत विद्यार्थीहरूद्वारा प्रकाशित विभिन्न साहित्यिक सङ्कलन, पुष्पलालको नेतृत्वमा भएको तेस्रो राष्ट्रिय सम्मेलन तथा नयाँ जनवादी संस्कृति सम्बन्धी अवधारणा, राष्ट्रिय स्वाधीनताका पक्षमा भएका आन्दोलन, झापा विद्रोह, नेकपाको चौथो महाधिवेशन तथा त्यसका साहित्यिक तथा सांस्कृतिक गतिविधि हुँदै २०३६/०३७ को जनआन्दोलनसम्म पुग्दा साहित्यिक तथा सांस्कृतिक आन्दोलनले नयाँ गति लियो । यसै क्रममा प्रलेस पुनर्गठित भयो । यो सिङ्गो अवधिमा साहित्यको फाँटमा फेरि अर्को लहर पैदा भयो । यस अवधिमा कविता, कथा, निवन्धका साथै उपन्यासको क्षेत्रमा पनि कैयौँ कृतिहरू रचिए । समालोचना र सौन्दर्यचिन्तनका क्षेत्रमा पनि थप प्रगति भयो ।

(ग) तेस्रो अवधि : यो अवधि निरङ्कुश पञ्चायती शासनको अन्त्य तथा वहुदलीय शासनको पुनर्स्थापनाबाट सुरु भई महान् जनयुद्ध हुँदै संविधानसभासम्मको अवधि हो । दोस्रो अवधिमा विकसित भएको साहित्यिक आन्दोलनको लहरबाट यसले अझै नयाँ उँचाई प्रदान गऱ्यो । यस अवधिको मूल पक्ष जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थको नयाँ रापताप र अभिरेखाङ्कन हो । यस अवधिमा ६० को दशकसम्म आउँदा कविता, कथा, निबन्ध, जनयुद्धका अनुभूति संस्मरण, उपन्यास, समालोचना र सौन्दर्यचिन्तनको फाँटमा नयाँ लहर आयो । यस अवधिमा साहित्यका विभिन्न विधामा प्रगतिवादी धारा थप समृद्ध र विकसित बन्न गयो । यसलाई नेपालमा अक्टोबर क्रान्तिले पारेको प्रभावको एक उत्कर्षको अवधिका रूपमा लिन सकिन्छ ।

(घ) चौथो अवधि : संविधानसभाद्वारा लोकतान्त्रिक गणतन्त्रको संविधानको निर्माण हुनु, पुरानै राज्यसत्ता कायम रहनु र संसदीय व्यवस्थाको पुनर्स्थापना गरिनु यस अवधिको थालनीका राजनीतिक कार्य हुन् । यस अवधिको थालनीसितै प्रगतिवादी साहित्यिक आन्दोलनमा केही गतिरोध, फेरबदल र मन्दी सुरु भएको छ । जनयुद्धले खाएको गम्भीर धक्का मूल नेतृत्वले गरेको विश्वासघात तथा कित्ता परिवर्तन, क्रान्तिकारी पक्षको कमजोर आत्मगत अवस्था आदि जटिलतालाई चिर्दै आन्दोलन पुनः नयाँ ढङ्गले सङ्गठित बन्दै जान थालेको छ ।

८. अक्टोबर क्रान्तिले नेपाली साहित्यमा जुन प्रभाव पारेको छ त्यसलाई समग्रमा मार्क्सवादको पथप्रदर्शनमा आधारित समाजवादी यथार्थवादका रूपमा अभिव्यक्त गर्न सकिन्छ । मार्क्सवाद र समाजवादी यथार्थवाद दुवै गतिशील छन् । सामाजिक जीवनमा आउने परिवर्तन र विकासको प्रक्रियासितै यी पनि विकसित हुँदै जान्छन् । यसरी हेर्दा अक्टोबर क्रान्तिले नेपाली साहित्यमा पारेको प्रभाव भनेको समाजवादी यथार्थवादको प्रादुर्भाव र विकास नै हो । यसप्रकारको समाजवादी यथार्थवादको मूल्य मान्यतालाई छोटकरीमा बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(१) सैद्धान्तिक पथप्रदर्शन :

समाजवादी यथार्थवाद मार्क्सवादी सिद्धान्त, विश्वदृष्टिकोण, इतिहासदृष्टि र सौन्दर्यचिन्तनद्वारा पथप्रदर्शित हुँदै आएको छ । मार्क्सवादको विकाससितै त्यो पथप्रदर्शन मार्क्सवाद-लेनिनवाद-माओवादद्वारा भएको छ । जसरी मार्क्सवादी दर्शनले दुनियाँ बुझ्ने मात्र होइन मुख्यतः बदल्ने कुरामा जोड दिन्छ, त्यसरी नै समाजवादी यथार्थवादले मार्क्सवादको पथप्रदर्शनमा चित्रण मात्र होइन दिशानिर्देशमा जोड दिन्छ । नेपाली प्रगतिवादी साहित्यले यस मान्यतालाई अंगीकार गरेको छ ।

(२) प्रवृत्तिमूलकता/प्रतिबद्धता :

मार्क्सवादी सौन्दर्यचिन्तन र समाजवादी यथार्थवादका अनुसार साहित्य प्रवृत्तिमूलक हुने गर्दछ । यही प्रवृत्तिमूलकता प्रतिवद्धतामा अभिव्यक्त तथा विकसित हुन्छ । यस प्रकारको प्रवृत्तिमूलकता/प्रतिवद्धता मजदूर वर्ग तथा उत्पीडित जनसमुदायका विचार, मत, हक, हित, उद्देश्य तथा आदर्शसित जोडिएका हुन्छन् । ती सिद्धान्त, आस्था, निष्ठा, आन्दोलन, सङ्गठन आदिमा अभिव्यक्त हुने गर्दछन् । प्रतिबद्धतासित स्वतन्त्रता पनि जोडिएको छ । नेपाली प्रगतिवादी साहित्यमा विभिन्न रूपमा प्रतिबद्धता र स्वतन्त्रताको मान्यतालाई अंगाल्ने काम हुँदै आएको छ ।

(३) यथार्थको कलात्मक प्रतिबिम्बन :

समाजवादी यथार्थवादले सामाजिक जीवनको गतिशील, सजीव र नवीन यथार्थमा आधारित समाजमा विद्यमान वर्गसङ्घर्ष र अन्तरविरोधका विविध पक्षलाई कलात्मक रूपमा प्रतिबिम्बन गर्ने कुराको माग गर्दछ । यथार्थको कलात्मक प्रतिबिम्बन दर्शनको संज्ञान सिद्धान्तसित जोडिएको छ । नेपाली प्रगतिवादी साहित्यमा यो चित्रण र दिशानिर्देशको द्वन्द्वात्मक एकत्वमा आधारित रहिआएको छ ।

(४) प्रारूपीकरण :

साहित्यको क्षेत्रमा समाजवादी यथार्थवादले प्रारूपीकरणको मान्यतालाई अंगाल्दै आएको छ । यो स्वैर कल्पना, फोटोकपी र औसत चयनका विरुद्ध परिलक्षित छ । यसमा नयाँ यथार्थ प्रस्तुत गर्दा जीवनशील र मरणशील पक्षको द्वन्द्वमाथि ध्यान दिँदै प्रतिनिधिमूलक विचार, भाव, पात्र, परिवेश र आदर्शको छनोट गरिन्छ । नेपाली प्रगतिवादी साहित्यले यस मान्यतालाई अवलम्बन गर्ने प्रयास गर्दै आएको छ ।

(५) मूल्य चेतना :

साहित्यमा मूल्य चेतना सामान्यतः सत्य र असत्य, शिव र अशिव तथा सुन्दर र कुरूपको द्वन्द्वात्मक सम्वन्धमा अभिव्यक्त हुन्छ । नेपाली प्रगतिवादी साहित्यमा यस प्रकारको मूल्यचेतनामाथि ध्यानदिंदै आउने काम भएको छ ।

(६) अन्तरवस्तु र रूपको एकता :

समाजवादी यथार्थवादले साहित्यको मूल्याङ्कनको मापदण्डका रूपमा अन्तर्वस्तु र रूपका बीचको द्वन्द्वात्मक एकरूपताको माग गर्दछ । यसमा अन्तर्वस्तुलाई प्रधानता दिइन्छ । यस सन्दर्भमा माओद्वारा राजनीतिक तथा कलात्मक मापदण्ड विकसित गरिएको कुरा स्पष्ट नै छ । अन्तर्वस्तु र रूपको सही संयोजनको काम लेखकीय शिल्पचेतनामा भर पर्दछ । नेपाली प्रगतिवादले यसबारे आवश्यक ध्यानदिदैं आएको पाइन्छ ।

समाजवादी यथार्थवादले सामन्ती अभिजात्यवाद, वुर्जुवा आधुनिकतावाद र उत्तरआधुनिकतावादको विरोध गर्दछ । साथै, समाजवादी यथार्थवाद प्रगतिशील धाराका रूपमा कायमै रहेका स्वस्फूर्त यथार्थवाद, वुर्जुवा यथार्थवाद र आलोचनात्मक यथार्थवादसित मैत्रीपूर्ण सम्वन्ध राख्तछ । परन्तु त्यो ती भन्दा गुणात्मक रूपमा भिन्न छ ।

९. अक्टोबर क्रान्तिले नेपाली साहित्यमा जुन प्रभाव पाऱ्यो त्यसको सारांश तथा निष्कर्षलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) नेपाली साहित्यमा अक्टोबर क्रान्तिको औपचारिक प्रभाव नेपाल कम्युनिष्ट पार्टीको स्थापनापश्चात् नै पर्न गएको हो । त्यसको ठोस अभिव्यक्ति मार्क्सवादी सौन्दर्यचिन्तन र समाजवादी यथार्थवादलाई आधार मानेर रचिएका कृति र समीक्षाका सन्दर्भमा भएको देखिन्छ ।

(ख) हामीले अक्टोबर क्रान्तिको प्रभावलाई एउटा गुणात्मक र युगान्तकारी प्रभावका रूपमा लिनु पर्दछ र त्यसलाई तात्कालिक कालखण्डमा सीमित गर्नु हुँदैन । मार्क्सवादी-लेनिनवादी-माओवादी सौन्दर्यचिन्तनको विकसित प्रभावसितै नेपाली साहित्यमा समाजवादी यथार्थवाद पनि विकसित हुँदै गएको छ । यसलाई यहाँ पहिलो, दोस्रो, तेस्रो र चौथो अवधिका रूपमा उल्लेख गरिएको छ ।

(ग) नेपाली साहित्यमा आन्दोलनका धाराका रूपमा प्रगतिशील, प्रगतिवादी जस्ता पदावली प्रयोग हुँदै आएका छन् । नेपालमा प्रगतिशील साहित्यिक आन्दोलन मूलतः समाजवादी यथार्थवादको प्रभावकै परिणाम स्वरूप विकसित भएको हो र प्रगतिशील लेखक सङ्घको जन्म पनि यसै पृष्ठभूमिमा भएको हो । परन्तु प्रगतिशील आन्दोलनभित्र समाजवादी यथार्थवाद मात्र होइन, स्वस्फूर्त यथार्थवादी, बुर्जुवा यथार्थवादी, आलोचनात्मक यथार्थवादी धारा पनि सम्मिलित रहेका छन् । प्रगतिशील आन्दोलन एक प्रकारको संयुक्त मोर्चा हो । जहाँसम्म प्रगतिवादको प्रश्न हो त्यो मूलतः समाजवादी यथार्थवाद तथा मार्क्सवादसित सम्बन्धित रहेको छ ।

(घ) नेपालमा मार्क्सवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादी धाराको रूपमा अक्टोबर क्रान्तिले साहित्यिक सिर्जना र समालोचनाका क्षेत्रमा जुन प्रभाव पाऱ्यो र त्यो विभिन्न चरण हुँदै जसरी विकसित बन्दै गयो त्यसका समग्र तथा सारभूत मान्यता र अभिलाक्षणिकतालाई आठौं नम्बरका ६ वटा बुँदाहरूमा समेटिएको छ । यसरी हेर्दा नेपाली साहित्यमा अक्टोबर क्रान्तिले पारेको प्रभाव एउटा नयाँ र युगान्तकारी धाराका रूपमा अत्यन्तै सशक्त एवम् गुणात्मक रहेको छ । यो प्रतिध्रुवीय धाराभन्दा मात्रा तथा गुण दुवैमा सशक्त छ र यसले त्यसलाई साँच्चैको चुनौती दिन पनि सानदार रूपमा सफल रहेको छ ।

(ङ) इतिहासको द्वन्द्वात्मक विकास निकै जटिल हुन्छ र त्यो कहिलेकाहीं निकै जटिल रूपमा अगाडि बढ्दछ । नेपाली वाम तथा कम्युनिस्ट आन्दोलनमा जुन दक्षिणपन्थी विचलनको प्रक्रिया सुरु भयो र अहिले त्यो जसरी जबर्जस्त रूपमा प्रभावी हुन गएको छ त्यसले नेपाली प्रगतिशील, प्रगतिवादी, समाजवादी यथार्थवादी र मार्क्सवादी आन्दोलनलाई पनि प्रभावित तुल्याएको छ । बहुलवाद, संसदवाद, पुरानो सत्ता तथा व्यवस्थालाई स्वीकार गर्दै आएको विचलनको यो धारा प्रतिध्रुवीय कित्तासित सजातीय र प्रगतिशील, प्रगतिवादी तथा मार्क्सवादी कित्तासित विजातीय बन्दै जान थालेको देखिन्छ । यो निकै दुःख, चिन्ता र विडम्बनाको विषय हो ।

(च) कम्युनिस्ट आन्दोलनको इतिहासका साथै प्रगतिवादी साहित्यको इतिहास पनि निकै वक्र गतिमा, अनेकौं आरोह-अवरोहका प्रक्रिया पार गर्दै र तमाम प्रकारका विचलन तथा पश्चगतिका विरुद्ध लड्दै विकसित हुँदै आएको छ । अहिलेका लागि पनि यही नै सत्य हो । तसर्थ, यो जटिल मोडमा सच्चा मार्क्सवादी लेखक, कलाकार एवम् साहित्यकारहरू तमाम प्रकारका विचलन तथा पश्चगतिका विरुद्ध क्रान्तिकारी दिशा र अग्रगतिको पक्षमा उभिन र अक्टोबर क्रान्तिले सुम्पिएको ऐतिहासिक दायित्वलाई अर्को उँचाइमा पुऱ्याउँदै समाजवादी यथार्थवादको यात्रामा निरन्तर अगाडि बढ्न जरुरी छ ।

## कविता

### व्यक्तित्व



● *कृष्णभक्त महर्जन 'कगेन्द्र'*

मान्छेको व्यक्तित्वको बृतान्त
एक कथासँग जोडिएको छ
व्यक्तित्व कसैको दास होइन
कहाँबाट सुरु भएको हो
कहाँ पुगेर अन्त्य हुन्छ
कसैको केही ठेगान छैन
स्वर्ग जान पनि सक्छ
पाताल जान पनि सक्छ
समाज उही हो
मान्छे उही हो
अनि के मात्र हुँदैन
नमिता सुमिता काण्ड भएकै हो
निर्मला काण्ड भएकै हो
इतिहास पढेकै छ, सुनेकै छ
कसैलाई सहनाइ बजाएर
शहर बजारमा स्वागत छ
कसैलाई सहनाइ सुनेर
आँशुमा डुब्न बाध्य छ
कुरूपको मुकुण्डो छोप्न
आआफ्नो डम्फु बजाउँछ
डम्फु बज्ने बित्तिकै डराउने
के को डर
नैतिहीन डराउँछ
नैतिकवान डराउँदैन
डराउने, नडराउनेको औषधि
कसैले कविता मार्फत्
कसैले लेख मार्फत्
बजारमा छ्यापछ्याप्ती छ
बजारको हल्ला सुन्छ
पराइको सल्लाह लिन्छ
ती व्यक्तित्व पतन हुन्छ
अनि जहाँ पनि डर
भिडमा पनि डर
एकान्तमा पनि डर
कोलाहलमा पनि डर
शुन्यतामा पनि डर
ब्यक्तित्वको इतिहास
यसैका लागि जन्मेको त
होइन
स्वतन्त्रता व्यक्तित्व
परम्परागत व्यक्तित्व
समानता व्यक्तित्व
को लागि
गाउँ गाउँबाट
शहर शहरबाट
रोड रोडबाट
गल्ली गल्लीबाट
रुन्छे स्वरमा होइन
बाघ गर्जेको स्वरमा
उठनु, जाग्नु पर्छ
तर के गर्ने
साथ दिने नै पराइ भयो
डर लाग्छ
मुटु दुख्छ
मन मनै भुतभुताउँछु
अनि कोर्न थाल्छु
बिलौनाको लय हाल्छु
शीरदेखि पैतलासम्म हेर्छु
जीउ सिरिङ्ग हुन्छ
अनि लाजले रुन्छु
लाज पचाउनका लागि
व्यक्तित्व रक्षाका लागि
कोर्नु पर्छ, कोर्दै जान्छु
किन भने
जिउँदो लास कुर्न
अन्तिमसम्म कोर्छु
कोरिरहन्छु … … …

## नेपाली...

महाधिवेशन, राष्ट्रिय सम्मेलन वा भेलाहरूमा प्रस्तुत गरिने राजनीतिक प्रस्तावमा मूल ट्रेनको नाममा तत्कालीन राजनीतिक कार्यदिशामाथि यथेष्ट मात्रामा बहस-छलफल भएको कमै मात्रमा पाइन्छ । विश्व सर्वाहारा वर्गका महान् नेता क.माओत्सेतुङले राजनीतिक कार्यदिशा सही हुनु र नहुनुले सबै चिजको फैसला गर्दछ भनेका छन् । जो कोही पनि आफूलाई कम्युनिस्ट बताउने पार्टीले मार्क्सवाद-लेनिनवाद, समाजवाद र साम्यवाद त भनेकै हुन्छन् ।

घोर दक्षिणपन्थमा बिलिन भैसकेका देखि अवसरवादी बाटो समातेका कम्युनिस्ट नामधारी पार्टीहरूले (जसले हँसिया-हथौडा अङ्कित झण्डालाई आफ्नो झण्डा बताएर त्यसको प्लेटफर्म प्रयोग गरी नै रहेका छन् । आफूलाई समाजवादी व्यवस्थाको हिमायती बताउन छाडेका छैनन् । तर उनीहरूले तात्कालीन सङ्घर्षको पक्षलाई समाजवाद-साम्यवादमा पुग्ने संघर्ष गर्नका लागि कुनै गुणात्मक प्रकारका कार्यक्रमहरू बनाएका छैनन् । कम्युनिस्ट आन्दोलनको रक्षात्मक अवस्थाको हवाला दिएर ठोसमा क्रान्तिकारी कार्यदिशालाई रोक्ने पर्यत्न नेपालको कम्युनिस्ट आन्दोलनमा बारम्बार भैरहेको छ । कुनै पनि कार्यक्रमको तय गरेपछि त्यसपछिको अर्को स्टेप के हो भन्नेमा नै अन्यौल देखिन्छ । कुनै पनि कार्यक्रमलाई ठोस उचाइमा पुऱ्याउनभन्दा पनि उठान गर्ने र बीच बाटोमा नै छाड्ने प्रवृत्तिले नेपालको कम्युनिस्ट आन्दोलन कमजोर बन्दै गएको देखिन्छ ।

मार्क्सवादी-लेनिनवादीहरूले आफ्ना तत्कालका कार्यक्रमहरू बनाउँदा त्यसले कम्युनिस्ट पार्टीको रणनीतिक उदेश्यलाई सहयोग गर्दछ वा गर्दैन भन्ने सवालमाथि विशेष ध्यानदिएर कार्यक्रमहरू निर्धारण गर्ने र ती कार्यक्रमको उचित कार्यान्वयन गर्ने गर्दछन् । यदि ठोस परिस्थितिको ठोस विष्लेषणमा कार्यक्रमहरू नबनेको अवस्थामा त्यसमा आत्मालोचितहुँदै रणनीतिक उदेश्यलाई सहयोग गर्ने तत्कालीन कार्यक्रम बनाइन्छन् । कम्युनिस्ट पार्टीले गर्नु पर्ने पनि त्यही हो । तर विडम्बना भन्नु पर्छ, कुनै पार्टीले बनाएका कार्यक्रम पार्टीको रणनीतिक उद्देश्यलाई सहयोग गर्ने खालका थिएनन भने पनि त्यसको समीक्षा गर्ने र गल्ती स्वीकार गर्दै नयाँ शीराबाट अगाडि बढ्ने गरेको पाइँदैन । हामीले जे गरेका थियौं, सही गरेका थियौं भनेर अनेकौं उदाहरणको पर्दा हालेर गलतलाई पनि सही ठहऱ्याउने प्रवृत्ति नेपालको कम्युनिस्ट आन्दोलनको थप गम्भीर समस्या नै हो ।

## उत्पीडित...

थियो । त्यसलाई दमन गर्नका लागि उनले राज्यसत्ता नै प्रयोग गरे । तर पछि त्यसका नेताहरूले सत्तासँग सम्झौता गरेपछि शेरबहादुरलाई नै मुख्य अतिथि बनाएर स्वागत गरे । जबकि उनले थारुहरूलाई दमन गर्न कुनै कसर बाँकी राखेका थिएनन् ।

यसैले उत्पीडित जाति र समुदायहरूका नेताहरू आफ्नो जाति र आन्दोलनप्रति प्रतिबद्ध हुनुपर्छ । अर्को कुरा सम्बन्धित उत्पीडित जाति र समुदायले नेतालाई ठीक छ कि छैन भनी चिन्न सक्नुपर्छ । नत्र भने घुमाइफिराइ उही कुराको पुनरावृत्ति भइराख्ने हुन्छ । सत्तामा बसेका प्रतिक्रियावादीहरू यसमा मामलामा निकै चतुर र अगाडि हुन्छन् । उनीहरूले उत्पीडित जाति र समुदायलाई निर्ममतापूर्वक दबाउँछन् पनि, तिनका प्रतिनिधिलाई सरकारमा सहभागी गराउँछन् पनि र सरकारबाट फ्याक्छन् पनि ।

यहाँ हामीहरूले बुझ्नुपर्ने कुरा के हो भने फलामले फलाम काट्छ भनेझैं जनविरोधी शासकहरूले उत्पीडित जातिका विरुद्ध त्यहींकै नेताहरूलाई प्रयोग गरिदिन्छन् । जुन समुदायलाई दमन गर्नुपर्ने छ, त्यसैका नेतालाई उचालेर उनीहरूले दमन गर्छन् । 'फुटा र शासन गर'को यो नीति हिजो पञ्चायतकालमा पनि बहुदलकालमा पनि र आज गणतन्त्रकालमा पनि कायमै छ । तर सोझासिधा उत्पीडित समुदायका मानिसहरूले के सोच्छौं भने हाम्रा नेताहरू सबै इमान्दार भइरहने छन् र हामीहरूलाई साथ दिइरहने छन् । हामीले यतिसम्म पनि भन्छौं कि हाम्रो जातिको मान्छे माथिको ठूलो ओहोदामा पुगेको छ । तर यथार्थमा त्यो प्रतिक्रियावादी राज्यसत्ताको मानिस भइसकेको हुन्छ । त्यसैले हामीले कुन व्यक्ति कहाँ पुग्यो त्योसँग सरोकार राख्ने विषयमा धेरै कुरा गरिराख्नु जरुरी छैन । हामी प्रष्ट कहाँनिर हुनुपर्छ भने त्यो समुदायका मुक्तिका लागि कुन मान्छे लड्यो र लडिराखेको छ, आधारभूत कुरा यही हो ।

उत्पीडित समुदायले बुझ्नुपर्ने कुरा के हो भने उनीहरूले उठाउँदै आएका राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका समस्याहरू समाधान भए कि भएन । प्रश्न यही हो । तर, को व्यक्ति कति ठूलो भयो भन्नेसँग समुदायको मुक्तिको कुराले कुनै अर्थ राख्दैन । आज सत्तामा रहेका केही मान्छेहरू यस्तै आन्दोलनमा सहभागी भएर आफ्नो कद उँचो गराएकाहरू छन्, तिनलाई देखेर हामीहरूले गर्व गर्नुपर्ने कुनै कारण छैन । तर हामीहरू यही गरिराख्छौं, यो हाम्रो कमजोरी हो ।

हामीले उत्पीडनमा परेका जाति समुदाय र आफूलाई देख्दैनौं । यो अर्थमा हामी वैचारिक रूपमा कमजोर हुन्छौं । यसलाई जाँच्नका लागि हामीले गरेका आन्दोलनका कारण हामी कुन ठाउँमा पुग्यौं त भनी हेर्न जरुरी छ । नत्र भने हामीहरूलाई जनविरोधी सत्ताले सधैं उपयोग गर्ने र पछार्ने गरिरहन्छ ।

तामाङ राष्ट्रिय मुक्ति मोर्चा हाम्रो पार्टीमा मात्र होइन, अरु पार्टीहरूमा पनि छन् । तिनीहरू र हाम्रो पार्टीमा रहेको तामाङ मोर्चाको बीचमा भिन्नता के छ त ? अरु जनजातिका संगठनहरू पनि धेरै छन् । उनीहरू र हाम्रो बीचमा तत्काल हेऱ्यौं भने उनीहरूले वर्तमान उत्पीडित जातिविरोधी संविधानलाई मान्छन्, तर हामीहरू मान्दैनौं । हामी जातीय मुक्तिको पक्षमा छौं । उनीहरू समन्वयको पक्षमा छन् ।

हामीहरू सबैखाले उत्पीडनको अन्त्य गरेर समानता स्थापना गर्ने विचार र राज्यसत्तासँग सम्बन्धित छौं । यही सबै कुरा वर्गसँग जोडिएका छन् । वर्गीय मुक्ति नहुँदासम्म उत्पीडित जातिहरूको मुक्ति हुँदैन भन्ने हामी विश्वस्त छौं । जातीय मुक्तिको प्रश्न आफैमा एक स्वतन्त्र प्रश्न होइन । यो वर्गीय मुक्तिसँग जोडिएको छ । जब वर्गीय मुक्ति हुन्छ, तब स्वतः उत्पीडित जातिहरूको मुक्ति हुन्छ । विभिन्न उत्पीडित जातिहरूमाथि भएका शोषण, दमनको अन्त्य वर्गीय आन्दोलनबाट मात्र सम्भव छ । त्यसैले हाम्रो जातीय मुक्ति आन्दोलन वर्गीय मुक्ति आन्दोलनसँग जोडेर लैजानुपर्छ ।

यदि त्यसो हुन सकेन भने फेरि विगत दोहोरिन्छ र केही मान्छेहरू पुरानै सत्तामा सहभागी हुन्छन् । हाम्रो उत्पीडित जातिको प्रश्नको जहाँको त्यहीं रहन्छ । त्यसैले समस्यालाई हामीले राम्रोसँग पकड्नुपर्छ र अवसरवादी तथा संशोधनवादी नेताहरूले भऱ्याङ बनाएर चढ्न खोजेको चाललाई बुझ्नुपर्छ । पद, प्रतिष्ठा र व्यक्तिगत लाभमा कदापि भुल्नुहुँदैन । तामाङ राष्ट्रिय मुक्ति मोर्चाले यसै कुरालाई दह्रोसँग समातेर अगाडि बढ्नेछ ।

*(तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलामा व्यक्त विचारको सम्पादित अंश- सं.)*

## अखिल...

दोस्रो राष्ट्रिय भेलाले मोर्चाको उपाध्यक्षमा पदम योञ्जन (सुनसरी), विजय तामाङ (मकवानपुर), मीना तामाङ (काभ्रे)लाई चयन गरेको छ भने महासचिवमा सुरेश तामाङ (काठमाडौं), सचिवमा प्रेम तामाङ (काठमाडौं), कान्छामान तामाङ (काभ्रे) र कोषाध्यक्षमा रंगवीर दोङ (सिन्धुपाल्चोक)लाई निर्वाचित गरेको छ । त्यसैगरी भेलाले सदस्यहरूमा रवि तामाङ (काठमाडौं), मंगल तामाङ (काठमाडौं), उमेश तामाङ (काठमाडौं), मैते तामाङ (काठमाडौं), विराज तामाङ (काठमाडौं), पदम लामा (मकवानपुर), टेकबहादुर तामाङ (काभ्रे), कमल जिम्बा, टिका तामाङ (उदयपुर), जुबानसिंह तामाङ (रामेछाप), गोपी तामाङ (रामेछाप), डम्बर तामाङ (ओखलढुंगा), हरिभक्त योञ्जन (सिरहा), अमर तामाङ (मकवानपुर), सन्देश तामाङ (मकवानपुर), भीम तामाङ (झापा), सूर्य तामाङ (सिन्धुपाल्चोक), धन तामाङ (सिन्धुपाल्चोक), अमिट योञ्जन (सिन्धुपाल्चोक), रमेश तामाङ, ज्ञानबहादुर तामाङ (धादिङ), श्याम तामाङ (धादिङ) रहेका छन् ।

भेलापछि बसेको नवनिर्वाचित समितिको बैठकले भाषा, कला, संस्कृति विभाग- फुर्नाम्गेल मोक्तान, संगठन विभाग- सुरेश तामाङ, आर्थिक विभाग-रंगवीर दोङ, प्रचार/प्रसार तथा प्रकाशन- प्रेम तामाङ र सांस्कृतिक टोली विभाग- कान्छामान थिङले हर्ने गरी कार्यविभाजन गरिएको छ भने मोर्चाका प्रदेश प्रमुखहरूको जिम्मा १ नं. प्रदेश- पदम तामाङ, २ नं. प्रदेश- हरिभक्त तामाङ, ३ नं.- प्रदेश विजय तामाङलाई दिइएको छ ।

बैठकले मंसिरसम्ममा जिल्ला बनिनसकेका ठाउँमा जिल्ला गठन गर्ने र जिल्ला बनेका ठाउँमा भेला सम्मेलन गर्ने निर्णय गरेको छ ।

## संविधान...

ब्यानरसहित देजमो कास्कीको कार्यालय अम्मरसिंह चोकबाट निस्किएको मोर्चाको जुलुस बजार परिक्रमा गरी पोखरा बसपार्कमा पुगेर कोणसभामा परिणत भएको थियो । जुलुसमा 'कालो संविधान खारेज गर, हत्या हिंसा अन्त्य गर, बलात्कारीलाई तुरुन्त कारवाही गर' जस्ता नाराहरू लगाई ओली सरकारको चर्को विरोध गरिएको थियो । विरोध प्रदर्शनमा सैयौं प्रदर्शनकारीहरूको सहभागिता रहेको एक सहभागीले दावी गरे ।

कोणसभालाई देजमोका ४ नं. प्रदेश संयोजक केशबहादुर परियारले यो संविधानले देश, जनता र समग्र राष्ट्रको हित गर्न नसक्ने भन्दै संविधान खारेजीको जोडदार माग गरे । उनले यो सरकारले दुई तिहाईको दादागिरी देखाएको बताउँदै सरकारले जनविरोधी रहेकोले सडकबाटै यसलाई ढाल्ने चेतावानी पनि दिए ।

सोही कार्यक्रममा देजमो कास्कीका अध्यक्ष भोजराज त्रिपाठीले जनताका समस्या यथाशिघ्र सम्बोधन नगरे यो सरकारका विरुद्धमा संघर्षमा उत्रिने चेतावानी दिए । कोणसभाको सञ्चालन देजमो कास्कीका सह-सचिव राजेन्द्र सुवेदी 'सागर'ले गरेका थिए ।

यसैबीच, एक कार्यक्रमका बीच देजमो कास्की पोखरा महानगर संयुक्त वडा कार्यालय उद्घाटन गरिएको छ । शनिबार सम्पन्न उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रूपमा देजमो ४ नं. प्रदेशका संयोजक केशबहादुर परियार, विशेष अतिथिको रूपमा देजमोका केन्द्रीय सदस्य भिमबहादुर श्रीस, अतिथिहरू नेकपा (क्रान्तिकारी माओवादी) कास्कीमा सेक्रेटरी सरेस, देजमो कास्कीका अध्यक्ष भोजराज त्रिपाठी, देजमो कास्कीका उपाध्यक्ष बाबुराम मिजार, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्य राजेन्द्र सुवेदी 'सागर', मजदुर संगठनका तर्फबाट प्रेम मस्याङ्ग्री लगायतले उपस्थिति जनाएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि लगायतका वक्ताहरूले यो कार्यालयले देश, जनता र सम्पूर्ण उत्पीडनमा परेका जनताहरूको समस्याहरूको समाधानमा उल्लेखनीय भूमिका खेलोस भन्दै पार्टी, क्रान्ति र संगठनप्रति इमान्दार भएर लाग्न आग्रह गरे । कार्यक्रमको अध्यक्षता मनकुमार गुरुङले गरेका थिए ।

## प्रलेसको...

परिघटनाका रूपमा चित्रित गर्दै विश्वमा यसले पारेको प्रभावका बारेमा चर्चा गरेका थिए । अक्टोबर क्रान्तिले जनवादी, समाजवादी क्रान्तिहरूका साथै, राष्ट्रिय मुक्ति आन्दोलन र कला, साहित्य तथा सौन्दर्य चिन्तनमा विश्वभर प्रभाव पारेका बेलामा त्यसको नेपालमा पनि निकै राम्रो र सकारात्मक प्रभाव पारेको उल्लेख गरेका थिए ।

चैतन्यले यसको परिणाम स्वरूप नेपालमा नेकपाको स्थापना भई पुष्पलालको नेतृत्व प्राप्त भएको कुरालाई स्वीकार गर्दै यसको प्रभाव वामइतर नेपालको प्रजातान्त्रिक आन्दोलनमा पनि पर्न गएको बताएका थिए । कार्यपत्रमा नेपालको प्रगतिवादी काललाई २००७ सालपछि, २०१७ सालपछि, २०४६ सालपछि र २०७२ सालमा संविधानसभामार्फत् संविधान बनेपछि गरी चार चरणमा विभाजित गरी त्यसको विशेषता पनि व्याख्या गरेका थिए ।

संघीय स्वरूपमा आएको वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्था कसैका लागि पश्चगामी भएको र अरु कसैका लागि अग्रगामी छलाङ भएको स्वीकारोक्ति आएको कुरामाथि प्रकाश पार्दै चैतन्यले यस्तो अवस्थामा प्रगतिशील र प्रगतिवादी भनेको के हो यसबारेमा केही थप गम्भीर छलफल हुनुपर्ने सुझाव दिएका थिए । मार्क्सले भने झैं संसार बुझ्नु ठूलो कुरा होइन, तर संसार बदल्नु सबैभन्दा ठूलो कुरा हो भन्दै चैतन्यले लेखक तथा साहित्यकारहरू यथार्थवादी भएर मात्र हुँदैन क्रान्तिकारी चेतसहितको यथार्थवादी हुनु जरुरी भएको बताए । उनले भने, "साहित्य यथार्थको कलात्मक प्रतिविम्वन भएकाले सिर्जना र सर्जक स्वयम्मा रूप र सारको एकरूपता हुनु पर्दछ ।"

चैतन्यका अनुसार प्रगतिशील लेखक संघमा आवद्ध भएका सबै मार्क्सवादी हुन सक्दैनन् । त्यसैले यसलाई साझा मञ्च या मोर्चाका रूपमा विकास गरिनु पर्छ । यो आजको नेपालको राजनीतिक परिस्थितिलाई नियाल्दा पनि समय सान्दर्भिक हुनसक्छ । दोस्रो कुरा, प्रगतिवाद भन्ने हुन्छ कि हुँदैन, यसलाई मार्क्सवादको समकक्षी स्तरमा उठाएर यथास्थितिलाई ढाकछोप गर्न, हालको नेपालको राजनीतिक तथा साहित्यिक परिदृश्यलाई हेर्दा देखिन्छ, बढी प्रयोग पो गरिन्छ कि ? तेस्रो कुरा, प्रगतिवादका कुरा गर्ने हामीहरू पनि वास्तविक मार्क्सवादी विचारमा छौं कि छैनौ ? चौथो कुरा, हामी मार्क्सवादी हौं भने वर्तमान लोकतान्त्रिक संविधानको कार्यान्वयनका कुरा मार्क्सवादी हो कि होइन ?

अर्का कार्यपत्र प्रस्तोता बेदुराम भुसालले नेपालमा अक्टुबर क्रान्तिको ठूलो प्रभाव रहेको र मालिकहरूका हातबाट श्रमिकहरूले शासनसत्ता खोसेको सन्देश निकै गहिरो र व्यापक भएको कुरामाथि प्रकाश पार्दै यसले विश्व मानव समाजको नयाँ अध्याय सुरुरु गरेका बताएका थिए । श्रमिक तथा मजदुर वर्गको त्यो गौरब आज सोभियत सत्ता ढल्दा पनि विश्वका जनमानसमा ज्युँदै रहेको उनले बताए ।

यसले समाजवादी र पुँजीवादीबीचको ध्रुवीकरणलाई प्रस्ट बनाएको उल्लेख गर्दै भुसालले यसले पूर्वी संसारमा मुक्ति आन्दोलनको हावाहुरी नै ल्याएको बताएका थिए । उनका अनुसार यसको प्रभाव दर्शन, राजनीति र कलासंस्कृतिमा निकै परेको थियो ।

भुसालका अनुसार कोमिन्टर्नको निर्माण पनि त्यसै बेला भएकाले अक्टुबर क्रान्तिको प्रभाव विश्वभर फैलिएको थियो । नेपालमा यसको प्रभाव वामपन्थी वृत्तमा मात्र नभएर प्रजातान्त्रिक वृत्तमा र त्यो पनि २००७ सालभन्दा पूर्व नै भएको थियो । गंगालालगायतका नेताहरू सोभियत रुसको प्रभावमा थिए ।

दुवै कार्यपत्रमाथि टिप्पणी गर्दै टिप्पणीकार श्याम श्रेष्ठले कार्यपत्रमा रुसी अक्टोबर क्रान्तिको प्रभावको व्याख्या गर्दा स्वयम् अक्टोबर क्रान्ति नै नभएको भए मार्क्सवादको भविष्य के हुन्थ्यो होला यसबारे पनि कार्यपत्र बोल्नुपर्छ भनेका थिए । रुसी समाजवादी क्रान्तिपूर्व मार्क्सवाद एक प्राज्ञिक विषय त थियो नै तर अक्टोबर क्रान्तिपछि यसले वास्तविक प्रयोगसहितको विज्ञानको स्वरूप ग्रहण गर्न पुग्यो भन्दै श्रेष्ठले यसले सहभागितामूलक लोकतन्त्र, समावेशिता तथा समानुपातिकताका साथै महिला सशक्तिकरणमा निकै ठूलो योगदान पुऱ्याएको थियो भनने कुरामा जोड दिएका थिए ।


यति हुँदाहुँदै पनि अक्टोवर क्रान्तिका केही कमजोरीहरू थिए भन्दै श्रेष्ठले यो अति केन्द्रीकरणमा गयो, सत्ता नोकरशाही बन्न पुग्यो र वर्गको नाममा पार्टीका थोरै मानिसहरूले मात्र सत्ता चलाउन पुगे भन्दै श्रेष्ठले यसलाई आलोचनात्मक चेतले हेरेर नकारात्मक शिक्षा पनि लिनु जरुरी रहेको बताएका थिए ।

अर्का टिप्पणीकार सरला रेग्मीले अक्टोवर क्रान्तिको प्रभाव र नेपाली क्रान्ति तथा साहित्यका बारेमा कार्यपत्र प्रस्तोताहरूले निकै मेहनत गरेका भन्दै कार्यपत्रमा चिट्ठीपत्रहरूका बारेमा पर्याप्त प्रकाश पारिनु पर्ने बताएकी थिइन् ।

साहित्यकार तथा सर्जक निनु चापागाईंले अक्टुबर क्रान्ति आफैमा महान् त थियो, तर किन त्यसले पनि धक्का खायो भन्ने बारेमा गहिरिएर आलोचनात्मक रूपमा सोच्नुपर्ने कुरामा जोड दिएका थिए । उनले अक्टुवर क्रान्तिको प्रभाव योगमायासम्ममा परेको उदाहरण पेश गर्दै योग मायाले व्यक्तिगत सम्पत्तिले गर्दा यी सबै समस्याहरू झेल्नु परेको बताएकी थिइन भनेका थिए ।

अक्टोबर क्रान्ति दिवसका संयोजक सोनाम साथीले अक्टोबर क्रान्तिको प्रभाव नेपालको वामपन्थी, प्रजातान्त्रिक मात्र नभएर भुरेटाकुरे राजाहरूमा पनि परेको उदाहरण प्रस्तुत गरेका थिए । उनका अनुसार बझाङका राजा जयपृथ्वी बहादुर सिंहले लेनिनलाई रुसमा भेटेका र प्रभावमा परेका थिए ।

आर.एम् डंगोलले सञ्चालन गरेको उक्त कार्यक्रमको अध्यक्षता प्रलेसका अध्यक्ष मातृका पोखरेलले गरेका थिए ।



दुर्वाच्य



रामचन्द्र हुमागाई

# मानिसको जीवन

पृथ्वीका अनेक जनावरमध्ये अब्बल नम्बरको जनावर मानिस हो भनिन्छ । यही मानिसले पनि अनेक समस्याविरुद्ध युद्ध गरेर बाँच्नुपर्ने रहेछ । आफैंलाई नपरी चेतना नआउने समस्या मानिसका अत्यधिक समस्या हुन्, ती समस्यामध्ये रोग सबैभन्दा ठूलो समस्या रहेछ ।

भनिन्छ, मानिसको जीनव तीन हिस्सामा बाँडिएको हुन्छ । तर भुक्तभोगीहरू जीवनलाई पाँच हिस्सामा बाँड्दा रहेछन् । वाल्य अवस्था १–१५, युवा अवस्था १६–३०, जवान अवस्था ३१–५० र बृद्धा अवस्था ५१–७५ र अतिवृद्धा अवस्था ७६ भन्दा माथि । यी पाँच अवस्थामा मानिसले पृथ्वीमा के कति काम गऱ्यो, राम्रा कति र नराम्रा कति ? यसको मूल्याङ्कन गर्ने तत्व एउटै हुनुपर्छ । त्यसैको नाम राखिएको होला यमराज !

यमराज भन्ने बित्तिक्कै थर्कमान नहुने को होला ? सात अर्ब मानिसको भीड भित्रबाट कसलाई कहिले उठाउनु पर्ने हो ? को कहाँ बसेको छ, त्यो सबैको सूची बोकेर बसेको यमराज विभिन्न रोग, भोक र शोकमा डुबाउँदै मानिसका नशानशामा खेलेर बस्ने रहेछ । यो खेल उसको नयाँ पनि होइन । जहिले देखि मानिसको उत्पत्ति भयो, त्यही बेलादेखि यमराज एक्लै ज्युँदो रहने र बाँकी मानिसहरू छट्पटाएर मर्ने ? यो जस्तो मानव माथिको शोषण अरू के होला ?

मानिसले पनि जीवनलाई के के न पाएँ भन्दै एकमाथि अर्कोले शोषण, दमन र अत्याचार नगरेका होइनन् । मलाई पनि यमराजले हेरिरहेको छ भन्ने कुराको हेक्कै नराखी बलियाले निर्धामाथि र धनीले गरीबमाथि गर्ने गरेको शोषण यमराजको भन्दा कम छैन ।

मैले पनि माथि उल्लेखित जीवनका ३ भाग पार गरेर चौथो भागमा तिरमिराइरहेको छु । यो तिरमिराहटमा कहाँ के कति राम्रा काम गरें, कति नराम्रा काम गरें । त्यसको बहीखाता यमराजले राखेकै होला । मेरो बहीखाता देखा भन्ने तागत मसँग छैन । यमराजले पनि देखाउँदैन तर लाग्छ, यो उमेरसम्म आउँदा यमराजले पनि औला ठड्याउने काम गरें जस्तो लाग्दैन । आफ्नो कारणले अरुले आँसु बगाउनु पर्ने काम नगरे त्यसै आत्मसन्तुष्टी हुनु स्वभाविकै हो । शतप्रतिशत लक्षणले युक्त मानिस त महापुरुष मात्रै हुन् । अहिले पृथ्वीमा महापुरुषको जन्म हुनै छाड्यो । कथनमा कोरिएका महापुरुष भनेका महादेव, ब्रम्हा, बिष्णु, कृष्ण र राम हुन जस्तो लाग्छ । उनीहरूकै आशीर्वादमा यी सात अर्ब मानिस बाँचेका छन् । चाहे आफूलाई ख्रृश्चियन, मुस्लिम, यहुदी, रोमन क्याथोलिक, हिन्दू वा अन्य जे भनून् । म पनि यिनै मानव सभ्यताभन्दा बाहिर रहन सक्तिन ।

युवाअवस्थामा प्रवेश गरेदेखि जीवनको आधा सयम अरुका लागि जीउने काम गरियो । जीवनयापनका लागि आवश्यक सामग्री जुटाउने बाहेक अर्थ सङ्कलनमा लागिएन । तैपनि शरीरका अङ्ग यतिबेला जीर्ण अवस्थामा पुगेका छन् र मर्ने र बाँच्ने दोधारमा दिन गन्ती गर्ने क्रम सुरु भएको छ । आखिर किन सज्जन मानिस माथि नै यमराज खनिन्छ ? यो कुरा भने बुझ्न सकेको छैन । मृत्युसँग डराएको त होइन, तैपनि बाँच्न मन लाग्ने रहेछ ।

शरीरका पार्ट निकै कम्जोर भएर पनि मन कमजोर नभएकाले चौथो पार्ट पास गर्ने रहर बढेको छ । आशा गरौं, यमराजले पक्कै सहयोग गर्ने छन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिजाइ, रानपुर
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७११६९७
इन्द्र कट्टेल - ९८१९८१५२१०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११६३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# फ्रेडरिक एङ्गेल्सको जीवनी र प्रेरणा

● मिलन आफन्त

विश्व कम्युनिष्ट आन्दोलनका महान गुरु फ्रेडरिक एङ्गेल्सको जन्म प्रशियाको राइन प्रदेशको बार्मेन भन्ने स्थानमा २८ नोभेम्वर १८२० मा भएको थियो । एङ्गेल्सका बुबा एक एक धनी उद्योगपति थिए । एङ्गेल्सको पालनपोषण अत्यन्त रुढिवादी एवम् सनातनी धार्मिक वातावरणमा भएको थियो । उनलाई आफ्नो पढाइ पूरा नगरिकनै बुबाको व्यवसाय सम्हाल्नु पऱ्यो । यहाँ उल्लेखनिय कुरा छ कि राइन प्रदेश, जहाँ एङ्गेल्सको जन्मस्थान र घर थियो, भौगोलिक स्थिति एवम् कोइला र धातु (खानी) को प्रचुर उपलब्धताको कारण औद्योगिक तथा राजनितिक दृष्टिकोणबाट जर्मनीको सबैभन्दा विकसित क्षेत्र रहेको थियो ।

यसरी उनी बाबुको निर्देशन बमोजिम पढाइमा भन्दा व्यवसायमा केन्द्रित हुन थाले । पहिले बार्मेन र त्यसपछि ब्रेमनमा गरेको व्यवसायिक कामबाट उनले आफूलाई एक राम्रो व्यवसायी सिद्ध गरेका थिए । एङ्गेल्सको जीवनीलाई केलाउँदा उनको जीवनको सुरुआति समय अध्ययनको लगत्तै व्यवसायमा व्यतित भएको पाइन्छ ।

जब उनी जवानहुँदै गए । उनीमा ज्ञानको भोक भौतारिँदै जान थाल्यो । व्यवसायले मात्र उनीलाई सन्तुष्ट बनाउन सकेन । उनले आफ्नो सम्पूर्ण अतिरिक्त समय र चिन्तन दर्शन शास्त्रको अध्ययनमा लगाए । अठार वर्षको अन्तातिर उनले आफ्नो धार्मिक बन्धन तोडिदिए र निश्चित रूपबाट हेगेलवादी दर्शनको पक्षपाति भए । जब उनी अध्ययनमा तल्लिन रहन चाहन्थे । त्यसै समयमा अक्टोबर १८४१ बाट १८४२ सम्म उनले बर्लिनको सुरक्षा तोपखानामा काम गरे । उनी आफ्नो व्यवसायमा जसरी सफल रहे, त्यसरी नै व्यारेकमा पनि एक कुशल सैनिक सिद्ध भए । उनले सैन्यविद्या सैनिक सेवाको समयमा नै अत्यन्तै ऐतिहासिक लेखहरू लेख्न थाले ।

उनले स्वीजरल्याण्डको एक अखवारमा कही व्यंग्यात्मक पद्य र एक कविता प्रकाशित गरे । त्यसपछि उनी स्वीजरल्याण्डमा विस्तारै परिचित हुन थाले । सेनामा काम सकिएपछि एङ्गेल्स बार्मेन फर्के र अक्टोबर १८४२ मा "एर्मेन र एङ्गेल्स" नामको धागो बनाउने कारखानाको (जसमा उनको पिता साझेदार थिए) एजेण्टको रूपमा म्यानचेस्टर पुगे । आफ्नो यस यात्राको क्रममा उनी कोलोनस्थित रायनिश जिटुङ्गको सम्पादकीय कार्यालयमा पसे । यही नै उनको प्रथम पटक मार्क्ससंग भेट भयो ।

"डोइट्स-फांसुएसिसे यर ब्युरवेट" मा एङ्गेल्सका लेखहरूको प्रकाशन भयो, जसको परिणाम स्वरूप मार्क्ससंग पारस्पारिक पत्राचार सुरु भयो । सेप्टेम्बर १८४४ मा एङ्गेल्स केही दिनका लागि पेरिस गए । उनको उद्देश्य मार्क्सलाई भेट्ने थियो । दार्शनिक तथा आर्थिक प्रश्नहरूमा दुवैको दृष्टिकोणमा यति धेरै साम्यता थियो कि दुवैले तुरुन्तै मिलेर एक पुस्तक "पवित्र परिवार : या, ब्रुनोबेचर र उनका अनुयायीहरूको विरुद्ध आलोचनात्मक समीक्षा" लेख्न सुरु गरे । यो कृति १८४४ मै प्रकाशित भयो । लेखहरूको मतानुसार यसको उद्देश्य जनसाधरणको हितमा नरहेको कल्पनावादी दर्शनका भ्रान्तिहरूको खण्डन गर्नु रहेको थियो । यस पुस्तकम ाउनीहरूले सर्वहारा दृष्टिकोण अपनाइ सकेको देखिन्छ, यद्यपि पुस्तकको आर्थिक क्षेत्रसँग प्रत्यक्ष धेरै कम सम्बन्ध रहेको थियो । १८४० पछि कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले मजदुर वर्गलाई यो सिद्धान्त प्रदान गरे जसलाई हामी मार्क्सवादी सिद्धान्त भन्दछौँ ।

मार्क्स र एङ्गेल्सले जीवनपर्यन्त मार्क्सवादी सिद्धान्तको प्रतिपादन र रक्षार्थ संघर्ष गरे । उनीहरू व्यवहार र कृतिहरूबाट आफ्नो सिद्धान्तलाई सु-समृद्ध पारे । मार्क्सको "पुँजी" र एङ्गेल्सका "इङल्याण्डमा मजदुर वर्गको अवस्था, जर्मनी : क्रान्ति र प्रकृतिका द्वन्द्ववाद, परिवार, निजी स्वामित्व र राज्यसत्ताको जन्म, लुडविग फायरबाख" आदि वैज्ञानिक समाजवाद र युगान्तकारी कृतिहरू हुन् । मार्क्सको मृत्यु १८८३ मा भयो । त्यसपछि अन्तर्राष्ट्रिय मजदुर र आन्दोलनको नेतृत्वको जिम्मा मात्र नभएर एङ्गेल्सको काँधमा मार्क्सको महान् कृति 'पुँजी' को खण्ड दुई र तीनको सम्पादन र प्रकाशित गर्ने अत्याधिक उत्तरदायीपूर्ण र श्रमसाध्य इयुहरिङ्ग मतखण्डन, समाजवाद वैज्ञानिक र काल्पनिक, प्रकृतिका दायित्व पनि आइपऱ्यो, जसलाई उनले लगनशीलताका साथ पूरा गरे ।

यो कुरा मार्क्स र एंगेल्बीच रहेको अपूर्व मित्रताको परिणाम थियो । उनीहरूको बीचको मित्रता इतिहासमा प्रसिद्ध रहेको छ । त्यसबारे लेलिनले लेखेका छन : "सर्वहाराले भन्न सक्दछ कि उसको विज्ञानको रचना दुई यस्ता मानिसहरू र योद्धाहरूले गरे, जसको परस्पर सम्बन्धहरूले प्राचिन मानिसहरूको मानवीय मैत्रीको अत्यन्त हृदयस्पर्शी कथाहरूलाई पनि फिका गरिदिएको छ ।" आफ्नो जीवनभर मार्क्सको सहयात्री बनी विश्व सर्वहारा वर्गको मुक्तिको लागि चिन्तनशील महान् व्यक्तित्व, दार्शनिक फ्रेडरिक एंगेल्सको विचार र कर्म आजको शताब्दीमा पनि उत्तिकै विचारणीय र चिन्तनशील छ ।

आज एंगेल्स हाम्रो सामु हुनुहुन्न । उहाँको सन १८९५ मा मृत्यु भएको थियो ।







## किन...

श्रमजीवि वर्गको रोजगार, सामाजिक सुरक्षा जस्ता विषयलाई निषेध गरी एकात्मक केन्द्रीकृत सामन्ती तथा पुँजीवादी राज्य व्यवस्था र संरचनालाई निरन्तरता दिने खालको संविधान रहेकाले खारेज गर्न जरुरी रहेको ठहर गरेको छ । ३ असोज २०७५ मा महासंघका अध्यक्ष कमल चौधरी र महासचिव नगेन्द्र राईले जारी गरेको वक्तव्यमा भनिएको छ, "यो संविधान कार्यान्वयन गर्ने नाममा निरंकुश ऐन, कानुन निर्माण गरी जनताको विरोध गर्न पाउने अधिकार र प्रेस स्वतन्त्रताको अधिकार समेत कुण्ठित पार्दै हत्या, हिंसा, बलात्कार, तस्करी, भ्रष्टचारी, घुसखोरी, राष्ट्रघाती दलालहरू, राजनैतिक नेता, प्रशासक, सुरक्षाकर्मी, सलग्न अपराधको विरोध, समाचार सम्प्रेषण समेत गर्न नपाउनु, अधिनायकवादी शासनसत्ता चलाउनु, कथित वाम सरकार, सामाजिक फाँसिवादी शासनको विरुद्धसँगै यस प्रतिगामी संविधानको विरुद्धमा मधेसी, थारु, आदिवासी, जनजाति लगायत अग्रगामी राजनीतिक शक्तिहरूले खारेजीको माग गर्दै आन्दोलन गरिरहेका छन् । आन्दोलनलाई अझ व्यवस्थित र सैद्धान्तिकरण गर्दै सम्पूर्ण उत्पीडित, जाति र वर्गहरूको बीचमा संयुक्त आन्दोलनको विकास गर्न जरुरी छ ।"

क्रान्तिकारी माओवादी निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठले पनि ३ असोजमै जारी गरेको वक्तव्यमा भनिएको छ, "आज वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय र समुदाय तथा राष्ट्रियताका मुद्दाहरू ज्युँकात्युँ रहेका छन् । राज्यमा दलाल तथा सामन्तहरूकै हालीमुहाली छ, भ्रष्टाचार, तस्करी र मंहगी आकाशिंदो छ, नेपालको नक्शाबाट लिम्पियाधुरा, कालापानी, लिपुलेक गायब पारिएका छन्, असुरक्षा, महिला हिंसा र बलात्कार मौलाउँदै छन्, युवाहरू रोजगारीका लागि विदेशमा जाने र देश रेमिट्यान्सले चल्ने स्थितिमा कुनै परिवर्तन भएको छैन । नेपालमा महान् जनयुद्धको थालनी, यसको लक्ष्य, यसमा भएको वलिदान नेपालको अन्य राजनैतिक घटनाक्रमका तुलनामा अतुलनीय र महान् छन् । यसको लक्ष्य नेपालमा संसदीय व्यवस्थाको उन्मुलन गरी नयाँ जनवादी व्यवस्थाको स्थापना गरी जनताको संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्वरूप निर्माण गर्ने थियो । तर जनयुद्धको मूल नेतृत्व प्रचण्ड-बाबुरामहरूको राष्ट्रिय र वर्गीय आत्मसमर्पणका कारण नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक संविधान ०७२, जुन सारमा संसदीय संविधान हो, जनताको व्यापक विरोधका बाबजुद घोषणा गर्ने काम भयो र जनताले घोषणा लगत्तै संविधान जलाउने काम गरे । असोज ३ लाई कालो दिनका रूपमा मनाए । यसमा देखावटी रूपमा गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक र समावेशीको कुरा रहेतापनि सारमा जनताको पक्षमा रहेका छैनन् । नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल आज असोज ३ लाई कालो दिनको रूपमा लिँदै नेपालको संविधान०७२ लाई खारेज गर्दै देशका सबै समस्याहरू हल गर्ने गरी नेवाः राज्यसहितको जनताको संघीय गणतन्त्रात्क संविधान निर्माणको दिशामा अगाडि बढ्न सम्पूर्ण न्याय तथा समानता प्रेमी जनसमुदायमा हार्दिक अपील गर्दछ ।"

त्यसैगरी क्रान्तिकारी माओवादी बर्दियाका सचिव लोकेशले पनि एक वक्तव्य जारी गरी संविधान खारेजीको माग गरेका छन् भने नवलपुरमा संविधानको प्रति जलाइएको छ ।

**ओली सरकारको जनविरोधी तथा राष्ट्रविरोधी छवि**

आफूलाई वाम तथा कम्युनिष्ट सरकार बताउने ओली नेतृत्वको सरकारले छोटै समयमा आफ्नो जनविरोधी तथा राष्ट्रविरोधी छवि प्रदर्शन गरेको छ । राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न यो बेला अत्यन्तै गम्भीर बन्न गएको छ । भारतीय शासक वर्गले कालापानी, सुस्ता, महेशपुर लगायतका नेपाली भूभागलाई मिच्दै र कब्जा जमाउँदै आएको छ । त्यति मात्र होइन, अझ गम्भीर विडम्बनाको विषय के छ भने भारतीय शासक वर्गले दार्चुलाको कालापानी क्षेत्रलाई भारतमै गाभेर नक्सा बनाएका छन् र नेपाल सरकारको निसान छापको नक्सामा पनि कालापानी क्षेत्रलाई नेपालबाट हटाइएको छ । भारतीय शासक वर्गले नेपालका कोशी, गण्डकी, महाकाली, कर्णाली नदीका अपार जल सम्पदा, जडीबुटीसहित प्राकृतिक स्रोत साधनहरू हडप्दै आएको छ र यो प्रकृयालाई तीव्र वेगमा अगाडि बढाइरहेको छ । एकातिर भारतीयहरूलाई निर्वाध रूपमा नागरिकता दिएर जनसंख्या अतिक्रमण गरिदै आउने काम भएको छ भने अर्कोतिर मधेस तराई सहितका विभिन्न ठाउँमा सच्चा नेपालीहरूलाई अझै पनि नागरिकता प्रदान गएिको छैन । यसका साथै भारतीय विस्तारवादले नेपालको राष्ट्रिय सुरक्षा र परराष्ट्र मामिलामा निरन्तर हस्तक्षेप गर्दै आएको छ । यति हुँदा पनि आफूलाई राष्ट्रवादी दावी गर्दै आएको ओली सरकारले यी सबै हस्तक्षेपको प्रतिवाद गर्नुको सट्टा उल्टै भारतीय शासक वर्गका अगाडि लम्पसार परेर झुक्तै आएको छ ।

आफूलाई लोकतन्त्रको मसिहा ठान्ने ओली सरकारले देशमा लोकतन्त्रको स्थितिलाई अत्यन्तै नाजुक बनाएको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले बारम्बार भन्दै आएका छन्, "आज देशमा जुन लोकतन्त्र छ, त्यो मुट्ठीभर दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गको लोकतन्त्र हो । मजदुर, सुकुम्बासी, कमैया, हरूवा, चरुवा, हली गोठाला लगायतका जटील एवम् विपन्न वर्ग र किसान, महिला, दलित, जनजाति, मधेशी, मुस्लिम सहितका विशाल बहुसंख्यक जनसमुदायले लोकतन्त्रको अनुभूति गर्नै पाएका छैनन् । यहाँ संघीयताको कुरा गरिन्छ, तर पहिचानलाई गायब पारिएको छ । महिलाहरूको अस्मितामाथि निकै खेलवाड गरिँदै आएको छ, बालिकासहित बलात्कारका जघन्य घटना तीव्र गतिमा बढ्दै गएका छन् र दोषीहरूमाथि कडा कारबाही हुन सकेको छैन । दलितहरूमाथि विभेद र छुवाछुतका समस्या कायमै छन् । संविधान बनाउने र विधेयक ल्याउने काममा कथित ठूला पार्टीका कथित ठूला नेताहरूको हैकम चल्दै आएको यथार्थ हामीले भोग्दै बेहोर्दै आएका छौं । संसदीय लोकतन्त्रमा स्वतन्त्रता र समानताका गफ त खुबै चल्ने गर्दछन्, परन्तु जनताले तिनको उपभोग गर्न पाउँदैनन् । आर्थिक समानता त संसदीय व्यवस्थामा असम्भव नै छ । जनताको आन्दोलन गर्ने अधिकारलाई खोस्दै लग्ने र निषेधित क्षेत्र बढाउँदै जाने काम गरिएको छ । जनताको अभिव्यक्ति स्वतन्त्रता, प्राज्ञिक स्वतन्त्रता र पत्रकारहरूका अधिकारहरूमाथि अंकुश लगाउने कानून बनाइएका छन् । आन्दोलनकारी पार्टी, शक्ति र संस्थाहरूमाथि दमन र गिरफ्तार गर्ने प्रकृया बढ्दै गएको छ । अदालतद्वारा रिहा गरिने र प्रशासनद्वारा पक्डिने प्रकृयालाई हेर्दा जनयुद्धकालमा माओवादी योद्धाहरूमाथि हुने दुर्व्यवहारको ताजा सम्झना हुन थालेको छ ।"

ओली नेतृत्वको सरकारले अहिले कम्युनिष्ट नामलाई नै बद्नाम गर्दै आएका घटनाक्रमहरू बढेर गएका छन् । विश्वका पुँजीवादी देशहरूले समेत जनताको शिक्षा र स्वास्थ्यको अधिकारको सम्पूर्ण दायित्वलाई राज्यले लिदै आएको अवस्थामा ओली सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत निजीकरण, व्यापारीकरण तथा माफियाकरणलाई बढवा दिइरहेको छ । अहिलेको सत्तारुढ पार्टी (नेकपा)कै अधिकांश नेता कार्यकर्ताहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापार गरिरहेका छन् । यातायात सिन्डिकेट, सुनतस्करी, ठेकेदार, एनजिओ आइएनजिओलगायतका क्षेत्रमा रहेका विकृति हटाउँछु भनी गरिएका सार्वजनिक प्रतिबद्धता ओली आफैले ख्याल ठट्टामा उडाएका छन् । ओलीले बारम्बार भट्याउँदै आएका 'समृद्ध नेपाल, सुखी नेपाली'का नारा हावादारी गफ सावित भएका छन् । यसको ठीक उल्टो ओली सरकारले सर्वसाधारण जनतामाथि धान्नै नसक्ने गरी करको भारी बोकाउँदै आएको छ । महंगी र मूल्यवृद्धिले मजदुर, विपन्न, निमुखावर्ग र उत्पीडित जनताको ढाड सेकिएको छ । सुकुम्बासी, हली गोठाला, हरूवा- चरुवाका साथै मुक्त भनिएका कमैयाहरूले न जमिन न रोजगारी केही पनि पाएका छैनन् । देश अझै निर्वाहमुखी अर्थतन्त्रको पीडामा छट्पटाइरहेको छ र जोताहा किसानको अवस्था अझै पनि दयनीय छ । अझ पनि एकातिर सामन्त वा उच्चवर्गको हातमा धेरै जमिन छ भने अर्कोतिर वास्तविक जोताहाहरूको हातमा कम जमिन छ । भूखण्डीकरण र भूमाफिया विचौलियाहरूको विगविगी बढ्दै गएको छ । देशमा एकातिर दलाल तथा नोकारशाही पुँजीपति एवम् सामन्त वर्गकै बर्चस्व छ भने अर्कोतिर राष्ट्रिय अर्थतन्त्रको विकासमा गम्भीर अवरोध पैदा भएको छ । देशले करिब चौध खर्बको व्यापार घाटा भोग्नु परेको छ । देशमा भ्रष्टाचार तीव्र वेगमा बढ्दै गइरहेको छ । प्राकृतिक स्रोतसाधन, मानवीय स्रोतसाधन तथा पुँजीको पलायन, चर्को वैदेशिक ऋणभार, व्यापारघाटा र स्वतन्त्र राष्ट्रिय उद्योगधन्दाको अभाव- यी सबैको परिणाम अब सिंगो नेपाल भिखमङ्गा देशमा परिणत हुन थालेको छ ।

**जनयुद्ध तथा जनआन्दोलनका माग ज्युँका त्युँ**

जनयुद्ध र जनआन्दोलनको जनादेश विपरीत दलाल संसदीय व्यवस्थामा आधारित रहेर निर्माण गरिएको वर्तमान संविधानले श्रमजीवि, शोषित, उत्पीडित, उपेक्षित जनसमुदायको आमूल परिवर्तनको आकांक्षालाई सम्बोधन गर्न सकेन । महान जनयुद्धको प्रक्रियामा नयाँ जनवादी राज्यसत्ताको स्थापनाका लागि उठाएका राष्ट्रियता, जनतन्त्र तथा जनजीविकासित सर्वाधिक मागहरू अझै ज्युँको त्युँ बाँकी छन् । विभिन्न जनआन्दोलन र जनयुद्धको प्रक्रियामा सहादत प्राप्त योद्धाहरूका परिवारजनले उठाउँदै आएका मागहरू अझै पूरा भएका छैनन् । उक्त संघर्षहरूमा राज्यद्वारा वेपत्ता पारिएका योद्धाहरूको खोजी, सार्वजनिकीकरण र उनीहरूका परिवारजनले राखेका मागहरू अझै बाँकी छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग आवश्यक कानुन र आर्थिक सहयोगको अभावमा थला परेर बसेको छ । घाइते अपाङ्ग योद्धाहरू अझै ठूलो पीडामा छन् र उनीहरूका शरीरबाट अझै गोलीका छर्राहरू निकाल्न बाँकी नै छ । जनमुक्ति सेनाका कैयौं योद्धाहरूलाई बहिर्गमितको आरोप लगाइएको छ र उनीहरूका जायज मागहरूको अझै सम्बोधन गरिएको छैन । राज्यसत्ता पश्चगामी वर्गकै हातमा छ र राजनीतिले संसदीय व्यवस्थाकै पुरानो चक्रमा फन्को मारिरहेको छ । र, मुलुकले अर्को परिवर्तनको कोर्सको माग गरिरहेको छ ।

**विकल्प : संघीय जनगणतान्त्रिक संविधान**

ओली नेतृत्वको दलाल सरकार छोटो समयमै जनताको विरोध, घृणा र आक्रोशको प्रमुख कारण बन्न पुगेको छ र जनता विकल्पको खोजी गर्न थालेका छन् । देश, जनता र क्रान्तिप्रति गम्भीर विश्वासघात गर्दै ऐतिहासिक झापा विद्रोह र महान जनयुद्धको ब्याज खाएर कथित वाम तथा कम्युनिष्ट नाममा सरकारमा आसीन नेताहरूबाट देशको राष्ट्रिय स्वाधीनता, जनताको जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान हुन सक्न सक्दैन । प्रतिपक्षमा रहेको कांग्रेस तथा अन्य पार्टीहरूले जनताले खोजेको विकल्प दिने स्थिति छैन । सत्तारुढ नेकपा, कांग्रेस, राप्रपा, फोरम, राजपालगायतका पार्टीहरूबीचमा राजनीतिक ऐजण्डाका हिसाबले कुनै तात्विक फरक छैन । राज्यव्यवस्थाका हिसाबले यी पार्टीहरूले वैकल्पिक राजनीतिक शक्तिको हैसियत राख्दैनन् । यसर्थ, राज्यव्यवस्थाका हिसाबले वैकल्पिक राजनीतिक शक्ति भनेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नै हो ।

मुलुकका सामु विद्यमान समस्याहरूका समाधान र मुलुकको गुणात्मक परिवर्तनका निम्ति क्रान्तिकारी माओवादीले साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन एवम् हस्तक्षेपको अन्त्य, सन् १९५० लगायत जलस्रोत तथा ऊर्जासहितका क्षेत्रमा भएका सबै असमान सन्धि, सम्झौता तथा सहमतिको खारेजी, सीमा अतिक्रमण तथा जनसांख्यिक अतिक्रमणको विरोध र देशको राष्ट्रिय स्वाधीनताका रक्षा, मजदुर तथा भूमिहीन एवम् गरिब विपन्न वर्ग, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लिमसहितका उत्पीडित जनसमुदायका हक, हित तथा अधिकारको प्राप्ति, खाद्य सम्प्रभूता, रोजगारी, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा मौलिक हकको वास्तविक कार्यान्वयन र मजदुरहरूको समुचित तलव वृद्धि, बेरोजगारहरूको रोजगारीको व्यवस्था वा रोजगारी भत्ता, सामन्ती भूस्वामित्वका सबै अवशेषहरूको अन्त्य तथा भूमिहीनहरूमा जमिनको वितरण एवम् भूमिको राष्ट्रियकरण, शिक्षा तथा स्वास्थ्यको सरकारीकरण र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नुपर्ने आवश्यकतामाथि विशेष जोड दिँदै आएको छ । त्यसका लागि वर्तमान सत्ता, व्यवस्था र संविधानको विकल्पमा संघीय जनगणतन्त्रमा आधारित जनताको संविधान निर्माण गर्ने र यसैको जगमा वैज्ञानिक समाजवादी व्यवस्थातर्फ अगाडि बढ्नु पर्ने ठहर गर्दै आएको छ ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।